# प्रभाव दैनिक
National Daily



**संबिधान दिवस भब्य रूपमा मनाऔं**

- नेपालको संबिधान जारी भएको दिन असोज ३ गते संविधान दिवस राष्ट्रिय उत्सवका रूपमा मनाऔं ।
- संघ, प्रदेश र स्थानीय तहमा विविध कार्यक्रमको आयोजना गरौं, संबिधान दिवसको महत्व बढाऔं ।
- प्रत्येक नागरिकले असोज २, ३ र ४ गते घर-घरमा राष्ट्रिय झण्डा फहराऔं, दीपावली गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



वर्ष ११ | अंक १५१ | काठमाडौं | शुक्रबार, ०४ असोज २०८१ | Prabhab National Daily | Friday, September 20, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# इतिहास जोगाउन तेस्रोपटक जिब्रो छेडेका वीरेन्द्रभक्त





चन्द्राकारको भ्वाय् अर्थात् ४० किलो तौलको १७ वटा दीप रहेको महादीप बोकेर मध्यपुरथिमि-पशुपतिसम्मको कठिन यात्रा पूरा गरेर उनले जिब्रो छेड्ने जात्राको इतिहास जीवित राख्ने काम गरेका छन् ।

> थिमिको इतिहासलाई निरन्तरता दिने लक्ष्यका साथ जिब्रो छेडाएर पशुपतिसम्म जाने अठोट गरेको थिएँ, त्यो अठोट पूरा गरेँ । मेरो आँटलाई सबैको सहयोग साथ र पशुपतिनाथ तथा बालकुमारीको शक्तिले मेरो यात्रा पूरा भयो ।
>
> ■ **वीरेन्द्रभक्त श्रेष्ठ**

■ **रमेश गिरी**

**भक्तपुर–** साँझ ढल्किँदै जाँदा मध्यपुरथिमि नगरपालिका-५ दिगुटोलस्थित द्विगुभैरव अगाडि मानिसहरूको भीड थपिँदै गयो । मध्यपुरथिमिका साथै भक्तपुर, ललितपुर, काठमाडौं, काभ्रे, कीर्तिपुरदेखि जिब्रो छेड्ने जात्रा हेर्न आएकाको हजारौंको भीड दुई पोखरीसम्मै बाक्लिँदै गयो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे जिब्रो छेड्ने जात्रा प्रत्यक्षरूपमा हेर्न नजिकैको घरको झ्यालबाट टाउको बाहिर निकालेर निकै उत्सुकताका साथ जिब्रो छेडेको हेर्न प्रतीक्षा गरिरहेको देखिन्थ्यो ।

राति ८ बजे बाँसको चिम्टी बजाउँदै एक हुल मानिस हातेसाङ्लो बनाएर द्विगुभैरव अगाडिको मञ्चमा आइपुगे । जात्रालु सबैको ध्यान त्यतै केन्द्रित भयो । एकछिनपछि कर्मी नाइकेलाई लिएर एक समूह आइपुग्यो । त्यसको केही क्षणमै अर्को समूहसँग थिमि लायकुको पमानायो ७१ वर्षीय श्यामकाजी पमा श्रेष्ठ परम्परागत पोसाकमा हनुमानढोका दरबारबाट ल्याएको राज खड्ग लिएर डबलीमा आए । त्यसपछि द्विगुभैरव मन्दिरमा गुरुको उपस्थितिमा भैरवको पूजा गरेपछि 'येंयाँ पुन्ही म्ये प्वा खनेगु' जात्रालाई जिब्रो छेडेर निरन्तरता दिन मध्यपुरथिमि नगरपालिका-५ बालकुमारी निवासी वीरेन्द्रभक्त श्रेष्ठलाई परम्परागत पोसाक लगाएर डबलीमा ल्याइयो ।

यहाँका बासिन्दाले जयजयकार गरे । जिब्रो छेड्न तयार भएका वीरेन्द्रभक्तलाई छोएर कर्मी नायले वरिपरि अक्षता फूल छर्किएर देवीदेवता पुकारे । एक महिना अगाडि बनाएको १० इञ्च लामो तीन मुख भएको सुइरो कर्मिनायले बुधबार रातिको ८ बजे बालकरामको जिब्रो छेडिदिए । टाउकामा बाँधेको कपडामा सियो अड्काएर जिब्रो छेडेको सुइरोको तीनवटा टुप्पोलाई जिब्रोमै घुमाएपछि द्विगुभैरव अगाडिको डबलीमा हजार औंको जयजयकार गुञ्जियो ।

(क्रमशः पृष्ठ २ मा)

# 'रास्वपाको डिएनए'मा रविको चिन्ता

■ **जेबी योञ्जन**

**काठमाडौं–** भ्रष्टाचारविरोधी आन्दोलनको पृष्ठभूमिबाट भारतको राजधानी दिल्लीमा अरविन्द केजरीवाल जसरी आम आदमी पार्टी गठन गरेर आए, त्यसरी नै नेपाली राजनीतिमा पूर्वपत्रकार रवि लामिछाने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) गठन गरेर आए । दुईपटक गरेर उनकै नेतृत्वमा रास्वपा पाँच महिनाभन्दा बढी सत्तामा बस्यो ।

लामिछाने उपप्रधानसहित दुवैपटक गृहमन्त्री भए । यतिबेला भने उनकै शब्दमा भन्दा उनी चौतर्फी घेराबन्दीमा छन् । त्यही भएर उनले बुधबार भने, 'भित्रबाट प्रहार नगर्नुहोस्, बाहिरको त म खेप्छु ।' बाहिरको प्रहार भनेर उनले कांग्रेस, एमाले, माओवादीलगायत दलबाट रास्वपामाथि लगाउने आरोप र टिप्पणीलाई भनेका हुन् । त्यसविरुद्ध राजनीतिकरूपमा प्रतिवाद गर्ने पनि भनेका हुन् । तर, उनले यसबीचमा आफूमाथि जे जति प्रश्न उठे आफ्नै कमजोरीले त्यस्तो भएको स्वीकारेका छन् ।

आफ्ना कयौं व्यक्तिगत मामिलालाई हल्का रूपमा लिनाले समस्या भएको उनले बताए । त्यसलाई उनले भूल भनेका छन् । 'राजनीतिमा लाग्नुअघि नै यसरी सबै विषय वा सन्दर्भको योजनाबद्ध उत्खनन् र आक्रमण हुन्छ भन्ने कुराको मैले आकलन गर्न सक्नुपर्थ्यो,' उनले पार्टीको भेलामा प्रस्तुत राजनीतिक प्रतिवेदनमा भनेका छन्, 'हुन त कुनै आरोप सत्य छैन तर जति प्रश्न उठे, त्यति पनि ठाउँ दिन हुन्नथ्यो भन्ने ठान्छु ।'

आफ्ना गैरराजनीतिक तथा अत्यन्त व्यक्तिगत विषयको भारी सिंगो पार्टीले अनाहकमा बोक्नुपरेको उनले बताएका छन् । यससँगै धेरै बोल्दा आफैंलाई भारी परेको पनि लामिछानेको आत्मालोचना छ । आफ्नो तागतको हेक्का नराखी बोलिएका बोली, बडेमानका आश्वासन र त्यसैका आधारमा बढेको जनअपेक्षाको पहाड चढ्न पार्टीलाई निकै गाह्रो भएको लामिछानेले स्वीकारेका छन् ।



> राजनीतिमा लाग्नुअघि नै यसरी सबै विषय वा सन्दर्भको योजनाबद्ध उत्खनन् र आक्रमण हुन्छ भन्ने कुराको मैले आकलन गर्न सक्नुपर्थ्यो, त्यसो गर्न नसक्नु मेरो कमजोरी रह्यो ।
>
> ■ **रवि लामिछाने**
> **सभापति, रास्वपा**

'मान्छेका रूपमा मेरा कयौं कमजोरी होलान् तर मबाट अनैतिक, असामाजिक र अराजनीतिक काम भएको छैन,' लामिछानेले भने, 'राजनीति यतिसम्म निर्मम र निकृष्ट हुन्छ भन्ने अनुमान र त्यसको पूर्वतयारी गर्न नसक्नु मेरो कमजोरी हो ।' उनले पार्टीको सांगठनिक क्षेत्रमा धेरै काम गर्न नसकेको बताएका छन् । राजनीतिक, सांगठनिक प्रशिक्षण दिन नसकेको वा पार्टी काममा लाग्नेगरी अभियान दिन चुकेको उनको भनाइ छ । यसको असरस्वरूप कैयौं सदस्य र समिति पनि निष्क्रिय हुन पुगेको उनले बताएका छन् ।

(क्रमशः पृष्ठ २ मा)

## लामिछानेका तीन प्रस्ताव

रास्वपा सभापति रवि लामिछानेले प्रधानमन्त्री जनताबाट प्रत्यक्ष निर्वाचित हुनुपर्ने मत अघि सारेका छन् । मन्त्रीहरू प्रधानमन्त्रीले योग्यता र विज्ञताका आधारमा छान्नुपर्ने व्यवस्था हुनुपर्ने उल्लेख गरेका छन् । राष्ट्रियसभालाई राष्ट्रिय एकता झल्किने गरी गैरदलीय र समावेशी 'विद्वतसभा' बनाउनुपर्ने उनी बताउँछन् ।

यसबाहेक उनले प्रदेशसभा खारेज गर्दै स्थानीय तहका जनप्रतिनिधि सम्मिलित प्रदेश परिषद्लाई नै विधायकी अधिकार दिन सकिने प्रस्ताव पनि गरेका छन् । तर, विज्ञले नेतृत्व गर्ने गरी प्रत्यक्ष निर्वाचित मुख्यमन्त्रीसमेत गरी पाँचवटा प्रदेश मन्त्रालय रहने व्यवस्था गर्नुपर्ने उनको धारणा छ । स्थानीय तहको संख्या भने ७५३ बाट घटाएर ५९ भन्दा मुनि झार्नुपर्ने लामिछानेको प्रस्ताव छ ।

विदेशमा रहेका नेपाली नागरिकले भोट हाल्न पाउने कानुन बनाउन अझै सक्रियतापूर्वक लाग्ने वाचा पनि उनले गरेका छन् । यसबाहेक लामिछानेले निर्वाचन प्रणाली पूर्ण समानुपातिक हुनुपर्ने बताएका छन् ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भ: वैदेशिक रोजगार**

# कोरियामा नेपाली कामदारको माग बढ्यो

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** दक्षिण कोरियाले रोजगार अनुमति प्रणाली (इपिएस) अन्तर्गत विदेशी कामदार छनोट गर्ने क्रममा नेपाली कामदारको माग संख्या बढाएको छ । कोरियाको ह्युमन रिसोर्स डिपार्टमेन्ट (एचआरडी) कोरियाले सन् २०२४ को दोस्रोपटकको विदेशी कामदार छनोटमा अन्य मुलुकको तुलनामा नेपालबाट धेरै नेपाली कामदारको माग गरेको बताइएको छ ।



यसभन्दा अघि १६ मुलुकबाट कामदार छनोट गर्दा पाँचौं स्थानमा परेको नेपाल अहिले पहिलो स्थानमा परेको वैदेशिक रोजगार विभागअन्तर्गत इपिएस कोरिया शाखाले जनाएको छ । कोरियाको एचआरडीबाट शिप बिल्डिङसहित उत्पादनमूलक क्षेत्रमा लगभग दुई हजार १०० भन्दा बढी कामदारको माग जारी भएको शाखाकी निर्देशक मैयाँ कँडेलले बताइन् । उनका अनुसार अघिल्लोपटक १३ सय जनाको मात्रै माग जारी भएर नेपाल पाँचौं स्थानमा परेको थियो ।

'कोरियाका रोजगारदाताहरूले उत्पादनमूलक, कृषि, निर्माणसहित विभिन्न सेवामूलक क्षेत्रका लागि अन्यभन्दा नेपालीहरूलाई प्राथकितामा राखेको देखिन्छ,' उनले भनिन्, 'पहिलो खेप आएको माग इस्यु अलि निराशाजनक थियो तर अहिले अन्य देशभन्दा अगाडि भएको जानकारी उत्साहित नै छौं ।' कोरियाले अघिल्लो वर्ष पनि विदेशी कामदार लैजाने क्रममा सबैभन्दा बढी नेपालीहरूलाई छनोट गरिएको उनले जानकारी दिइन् ।

इपिएसमार्फत सन् २०२३ मा १९ हजार २१४, सन् २०२२ मा १४ हजार जना नेपाली कामदार रोजगारीका लागि कोरिया गएको शाखाको तथ्यांकले देखाएको छ । यो वर्ष २० हजार बढी नेपालीले कोरियामा रोजगारीको अवसर पाउने अनुमान गरिएको छ । नेपालबाट कामदार लैजान कोरियाली सरकारले नेपाल सरकारसँग सन् २००७ मा समझदारी गरेको थियो । उक्त प्रणालीअन्तर्गत सन् २००८ बाट कोरियाले नेपाली कामदार लैजान सुरु गरेयता अहिलेसम्म एक लाख बढी नेपालीहरू कोरिया पुगिसकेका छन् ।

# मलेसियाको निर्माण र सुरक्षा क्षेत्रमा श्रमिक अभाव

**काठमाडौं (प्रस)–** मलेसियाको निर्माण र सुरक्षा क्षेत्रमा आप्रवासी कामदारको अभाव भएको बताइएको छ । केहीसमय यता निर्माण क्षेत्रसहित सुरक्षा, उद्योग र कृषि क्षेत्रमा विदेशी कामदारको अभाव देखिएको भन्दै त्यहाँको सरकारले नयाँ भर्ना प्रक्रिया खुलाउने भएको छ ।

मलेसियाले विदेशी कामदारको अभाव भएपछि नयाँ श्रम स्वीकृति खुलाउन लागेको त्यहाँको सञ्चारमाध्यमहरूले जनाएका छन् । मलेसियामा पछिल्लो समय विशेषगरी निर्माण क्षेत्रमा काम गर्ने मजदुर र सुरक्षा गार्डहरूको अभाव हुँदै गएको 'द स्टार'ले उल्लेख गरेको छ । रोजगारदाताहरूबाट आप्रवासी कामदारको माग बढ्दै जानु र श्रमबजारमा कामदारको अभाव देखिएपछि मलेसिया सरकार दबाबमा परेको उक्त सञ्चारमाध्यमले उल्लेख गरेको छ । यद्यपि, विदेशी कामदारको अभाव पूर्ति गर्न आगामी नोभेम्बरदेखि रोजगारदाताहरूलाई विदेशी कामदारको कोटा दिने सरकारले तयारी गरेको बताइएको छ ।

यसअघि मलेसियाले अनैतिक गतिविधि बढेको र स्थानीय कामदारलाई नै श्रममा प्रोत्साहन गर्ने भन्दै गत मे ३१ देखि विदेशी कामदारको नयाँ भर्ना स्वीकृति रोकेको थियो । मलेसियामा २३ लाखभन्दा बढी विदेशी कामदार कार्यरत रहेको अनुमान गरिएको छ । जसमा ११ लाख विदेशी कामदार अवैधरूपमा काम गरिरहेको त्यहाँको गृह मन्त्रालयले जनाएको छ ।

विदेशी अवैध कामदारमाथि कडाइ गर्ने र स्थानीयलाई अवसर दिने नीति लिए पनि श्रमबजारमा कामदारको अभाव देखिएपछि नयाँ कामदार भर्ना खुलाउने निर्णयमा त्यहाँको सरकार पुगेको बताइएको छ । विदेशी कामदारको भर्ना तथा कोटा स्वीकृति गर्ने अधिकार मलेसियाको गृह मन्त्रालयले लिएको छ । तसर्थ मलेसियाली मानव संसाधन मन्त्रालयअन्तर्गत रहेको विदेशी कामदारको कोटा स्वीकृति गर्ने विदेशी कामदार व्यवस्थापन महाशाखा (बिपिपिए) लाई गृह मन्त्रालयमा गाभिएको उक्त सञ्चारमाध्यमले जनाएको छ ।

मलेसियाको नयाँ कामदार भर्ना लिने निर्णयले नेपाली कामदारलाई भने राहत हुनेछ । मलेसिया नेपालीहरूको प्रमुख श्रम गन्तव्य रहँदै आएको छ ।

(क्रमशः पृष्ठ २ मा)




**पृष्ठ १ बाट क्रमशः**

## रास्वपाको...

आफूलाई फरक दाबी गरे पनि पार्टीमा विभिन्न धारबाट एकत्रित हुनेले पुरानै विचार र दृष्टिकोणको धङधडी कायम राख्दा, कतिपयको गैरराजनीतिक पृष्ठभूमि हुँदा अझै 'रास्वपा डिएनए' स्थापित हुन नसकेको लामिछानेको स्वीकारोक्ति छ ।

'एक/दुई अपवादलाई छोडेर २०७९ को चुनावमा पार्टीको एक इशारामा तन, मन र धन लगाएर चुनावमा होमिएका २३१ प्रत्यक्ष तथा ११० समानुपातिक उम्मेदवारको क्षमता सदुपयोग गर्न नसक्नु हाम्रो ठूलो कमजोरी हो,' लामिछानेको स्वीकार छ ।

यसबाहेक सफलताको बढाइचढाइ गर्ने तर कमजोरी लुकाउने प्रवृत्ति आफूहरूको अर्को कमजोरी भएको पनि स्वीकारेका छन् । रास्वपा सरकारमा जानु पार्टीको रणनीति नै भएको दाबी लामिछानेले गरेका छन् । तर, यसबारे नागरिकलाई सही तरिकाले बुझाउन नसकिएको उनको भनाइ छ । 'हामी दुईपल्ट गरी करिब पाँच महिना सरकारमा रह्यौं । तर, म्यान्डेटविना त्यो पनि पुरानै दलसँग मिलेर सरकारमा जानुलाई हाम्रै सदस्य र शुभेच्छुकले निको मानेनन् । जनस्तरले त खरो टिप्पणी र प्रश्न नै गऱ्यो,' लामिछानेले प्रतिवेदनमै उल्लेख गरे ।

तर, पनि सरकारमा सहभागी हुनु रास्वपाको रणनीति भएको दाबी गरेका छन् । 'हामी राजनीतिकरूपमा त्यति प्रशिक्षित छैनौं, त्यसैले के रणनीति हो, के पदलोलुपता हो भन्ने बुझाउन सकिएको छैन र अनुभव सँगाल्न र वास्तविकता बुझ्न सरकारमा गएको थियौं,' लामिछानेले भने ।

उनले पार्टीका पूर्वमहामन्त्री डा. मुकुल ढकालले विश्वासघात गरेको आरोप लगाएका छन् । पार्टीको राष्ट्रिय भेलामा प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमा उनले तत्कालीन महामन्त्री ढकालबाट विश्वासघात भएको भन्दै उक्त प्रकरणले आफूलाई बेलैमा पात्र र प्रवृत्ति चिन्न सजग गराएको पनि बताएका छन् । ढकालको गतिविधिले पार्टी सदस्य, समर्थक र शुभेच्छुकलाई क्षणिकरूपमा चिन्तित बनाएको पनि लामिछानेले प्रतिवेदनमा उल्लेख गरेका छन् ।

'त्यो हदको उदण्ड गैरजिम्मेवारीप्रति खेद व्यक्त गर्दै पाटी पंक्तिप्रति लगाइएको लाञ्छना र तल्लोस्तरका सबै टिप्पणी यही राष्ट्रिय भेलामार्फत खारेज गर्ने प्रस्ताव गर्छु,' प्रतिवेदनमा उल्लेख छ ।

उसो त गत ६ जेठमा सभापति लामिछानेको हातबाट गुलियो दही खाएर समीक्षा यात्रामा निस्केका तत्कालीन महामन्त्री ढकालले महिना दिनपछि फर्केर बुझाएको समीक्षा प्रतिवेदन नेतृत्वका लागि पूरै अत्यासलाग्दो थियो । पार्टी क्षयीकृत भइसकेको र तत्काल चुनावमा जाने हो भने एक/दुई सिटभन्दा बढी जित्न नसक्ने निचोडसहितको प्रतिवेदनको मूल अंश उनले पार्टीभन्दा पहिला मिडियालाई दिएका थिए । यही बहानामा रास्वपाले उनलाई पार्टीबाट निकालेको थियो । यसबारे सभापति लामिछानेले राजनीतिक दस्तावेजमै टिप्पणी गर्दै ढकालका निचोडलाई खारेज गरेका हुन् ।

●●●

## लामिछानेका...

'राजनीतिको विकृति अन्त्यका लागि प्रतिनिधिसभाको निर्वाचनलाई पूर्णसमानुपातिक प्रणालीमा लैजानुपर्छ,' उनले भने, 'अहिलेको निर्वाचन प्रणाली अत्यन्तै महँगो भयो ।' लामिछानेले सांसदको भूमिकालाई विकास निर्माणमा खटिने नभएर विधायकीमै सीमित गर्नुपर्ने बताएका छन् ।

पार्टीको उद्देश्य पूरा गर्न 'लिडरसिप एकेडेमी'को प्रस्ताव गरेका लामिछानेले आफ्ना उम्मेदवारले जनतामाझ जानुअघि प्रशिक्षित हुनुपर्ने प्रस्ताव पनि अघि सारेका छन् । आफ्नो राजनीतिक प्रतिवेदनमा वर्तमान व्यवस्था ल्याउन भूमिका खेलेकोप्रति पुराना नेताको प्रशंसा गर्दै उनले धन्यवाद दिएका छन् । पुराना नेताको योगदानकै कारण आफूहरू उनीहरूमाथि नै प्रश्न उठाउँदै राजनीतिमा आउन पाएको लामिछानेको भनाइ छ । यद्यपि, इतिहासप्रति गर्व गर्दै भविष्यका लागि आफूहरू खटिने उनले बताएका छन् ।

●●●

## इतिहास...

त्यसपछि सबैलाई नमस्कार गर्दै चन्द्राकारको भ्वाय् अर्थात् ४० किलो तौलको १७ वटा दीप रहेको महादीप बोकेर निस्किए वीरेन्द्रभक्त । उनलाई स्थानीय जात्रा व्यवस्थापन समिति, परिवार एवं टोलवासीले साथ दिइरहे । महादीप बोकेर उनले सुरु गरेको थिमिदेखि पशुपतिनाथसम्मको अविचलित यात्रा सफल पारेर इतिहासलाई निरन्तरता दिए ।

### वीरेन्द्रभक्तले दिए इतिहासलाई निरन्तरता

वीरेन्द्रभक्तले द्विगुभैरव मन्दिर अगाडि जिब्रो छेडेर महादीप बोकेर चोडे टोलको कामदेव, महालक्ष्मी, नीलवर्ण गणेश, सिद्धिकाली मन्दिर पुगे । निगु पुखुः, लायक्‌ हुँदै क्वालाखु (बालकुमारी) स्थित थास्मा गणेशको दर्शन गरी तछु टोल, सुँगा टोल (विष्णुवीर), इन्द्रायणी, नेपाल-कोरिया मैत्री नगरपालिका अस्पताल, सिद्धिकाली मन्दिर, सिद्धिकाली चोक, सानोथिमि, मनोहरा खोला पुल, पुरानो सिनामंगल, खहरेचोक, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पछाडिको सडक, गुह्येश्वरी मन्दिर हुँदै पशुपतिनाथ मन्दिर प्रवेश गरी पशुपतिनाथको परिक्रमा गर्दै दर्शन गरे । मध्यराति पशुपति मन्दिरमा वीरेन्द्रभक्तको जिब्रोमा मन्त्री पाण्डेले चाँदीको कचौरामा रहेको तेल सुनको चम्चाले झिकेर हालिदिए ।

पशुपतिनाथको दर्शनपछि सोही मार्ग भएर फर्कंदै सानोथिमिस्थित तीनधारा ब्यारेक चोकबाट भित्र नगदेश, गार्चा चोक, बहाखाबजार भीमसेन मन्दिर, चपाचो, दिगुटोल, निगुपुखुः, लायक्‌, क्वालाखु हुँदै सयौं स्थानीयलाई अगाडि पछाडि लगाएर जयजयकार गर्दै १७ किलोमिटरको यात्रा पार गरे । थिमि आएर बालकुमारी मन्दिरमा सियो झिकेर नित्यनाथको माटो जिब्रोमा राखेपछि मध्यराति करिब २:३० बजे जात्रा सम्पन्न गर्दै वीरेन्द्रभक्तले थिमिको इतिहासलाई निरन्तरता दिए । उनको खाली खुट्टाको पैदल यात्रालाई जात्रा व्यवस्थापन समिति, परिवार तथा आफन्त, टोलवासी र मध्यपुरथिमिका सयौंले पशुपति मन्दिरसम्म जयजयकार गर्दै साथ दिए । जात्रामा हौसला प्रदान गर्न मध्यपुरथिमि नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठदेखि उपप्रमुख विजयकृष्ण श्रेष्ठले समेत थिमिदेखि पशुपतिसम्म नै पुगेर साथ दिए ।

### लोप भइसकेको जात्रालाई पुनर्जीवन

यसअघि २०७५ मा जिब्रो छेडाएर आफ्नो टोल घुमेका बालकरामले गत वर्ष दोस्रोपटक जिब्रो छेडाएर इतिहास रच्न सफल भए । यस वर्ष वीरेन्द्रभक्तले निरन्तरता दिए । 'थिमीको ऐतिहासिक यो जात्रालाई जीवन्त दिने अठोट गरें । थिमिको इतिहासलाई निरन्तरता दिने लक्ष्यका साथ जिब्रो छेडाएर पशुपतिसम्म जाने अठोट गरेको थिएँ, त्यो अठोट पूरा गरें । मेरो आँटलाई सबैको सहयोग साथ र पशुपतिनाथ तथा बालकुमारीको शक्तिले मेरो यात्रा पूरा भयो,' उनले भने ।

देशमा आउनसक्ने कुनै पनि संकट, प्राकृतिक प्रकोप, डर, त्रास, भय रोक्दै पुर्खाले सिर्जेको संस्कृतिलाई बचाउन आफूले जिब्रो छेडेर पशुपतिसम्मको यात्रा पूरा गरेको उनले बताए । पुर्खाले पूर्वमा काभ्रे पनौतीसम्म, उत्तरमा चाँगुनारायण मन्दिरसम्म र पश्चिममा पशुपतिनाथ मन्दिरसम्म जिब्रो छेडेर महादीप बोकेर गएको भन्ने सुन्दै आएको भए पनि यसपटक आफूले पशुपतिसम्मको यात्रा पूरा गरेर पुर्खाले गरेका कठिन यात्रा सम्भव थियो भन्ने सन्देश दिन पनि सफल भएको उनको भनाइ छ ।

दुई दशक रोकिएर लोपोन्मुख अबस्थामा पुगेको यो जात्रालाई २०७४ सालमा उनै वीरेन्द्रभक्तले नै जिब्रो छेडाएर पुनर्जीवन दिए र तर त्यो वर्ष जिब्रो छेडेर पशुपतिनाथसम्मको यात्रा नगरी थिमि परिक्रमा गरिएको थियो । त्यसपछि २०७५ सालमा बालकरामले जिब्रो छेडाए । वि.सं. २०७६ देखि कोरोना महामारीका कारण रोकिएको जात्रा २०७९ साल पुनः वीरेन्द्रभक्तले दोस्रोपटक जिब्रो छेडाएर पुनः निरन्तरता दिए । यस वर्ष तेस्रोपटक उनले जिब्रो छेडेर मध्यपुरथिमिदेखि पशुपतिसम्म र पशुपतिदेखि मध्यपुरथिमिसम्मको यात्रा पनि पूरा गरे ।

मध्यपुरथिमि नगरपालिकाका प्रमुख श्रेष्ठले वीरेन्द्रभक्तले कठिन यात्रा पूरा गरेको बताए । उनले भने, 'त्यति ठूलो सियोले जिब्रो छेडाएर काठ र बाँसबाट बनेको लहरै बलेको १७ वटा दीपसहितको करिब ४० किलोको महादीप बोकेर पशुपतिसम्म पुगेर फर्किनु कम चुनौती र कठिन काम होइन, यसलाई गत वर्ष बालकराम र यस वर्ष वीरेन्द्रभक्तले पूरा गरेर थिमिको शान उच्च राख्न सफल हुनुभयो । उहाँको यो साहसले भावी पुस्तालाई जात्राप्रति प्रेरित गर्ने र नयाँ पुस्तामा जात्रालाई निरन्तरता दिन आँट प्रदान गर्ने विश्वास लिएको छु, नगरपालिकाले यस्ता मूर्त-अमूर्त कला, संस्कृतिको संरक्षणमा नियमित सहयोग गर्ने छ ।'

### "जात्रालाई विश्वव्यापीरूपमा ब्रान्डिङ गर्न सकिन्छ"

पहिलोपटक प्रत्यक्षरूपमा जिब्रो छेडेको हेर्न मध्यपुरथिमिको द्विगुली पुगेका संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रिप्रसाद पाण्डेले यो जात्रालाई विश्वव्यापीरूपमा 'ब्रान्डिङ' गरेर लाखौं पर्यटक भित्र्याउन सकिने बताए । उनले स्थानीय जात्रा व्यवस्थापन समिति र नगरपालिकासँग भने, 'यो जात्रालाई विश्वव्यापीरूपमा 'ब्रान्डिङ' गरेर लाखौं पर्यटक भित्र्याउन सकिन्छ । संस्कृति र पहिचानलाई जीवन्त बनाएर संरक्षण गर्नु आवश्यक छ ।'

●●●

## मलेसियाको...

यद्यपि, विदेशी कामदार नलिने नीतिले गत आर्थिक वर्षमा थोरै मात्र नेपालीहरू रोजगारीका लागि मलेसिया पुगेका थिए । अधिकांश नेपालीहरू मलेसियाको निर्माण, सुरक्षा, उद्योग, खानी तथा उत्खनन् कृषिलगायतका क्षेत्रमा रोजगारीका लागि जाने गरेका छन् । यसमध्ये पनि सेक्युरिटी गार्डका क्षेत्रमा नेपालीहरूले मलेसियामा छाप नै पारिसकेका छन् । मलेसियामा अघिल्लो वर्षदेखि नै न्यूनतम पारिश्रमिकसमेत वृद्धि गरेर १५ सय रिंगेट पुऱ्याएको छ । यसबाट पनि मलेसियामा नेपाली कामदारको आकर्षण बढेको पाइएको छ । हाल मलेसियामा चार लाखभन्दा बढी नेपाली काम गरिरहेको सरकारी अनुमान रहेको छ ।


## भूलसुधार

प्रभाव दैनिक, अंक १५० मितिः २०८१/०६/०३ गते प्रकाशित **परिचित बचत तथा ऋण सहकारी संस्था लि. को कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक अत्यन्त जरुरी सूचनामा प्रकाशित मितिः २०८१/०६/०३ गते** हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको व्यहोरा सरोकारवालाहरु सबैमा जानकारी गराइन्छ ।


# १६ देशका लागि प्रस्तावित राजदूतको नाम अनुमोदन

**काठमाडौं (प्रस)–** संसदीय सुनुवाइ समितिले विभिन्न १६ देशका लागि प्रस्तावित राजदूतको नाम अनुमोदन गरेको छ । समितिको बिहीबारको बैठकले बहुमतका आधारमा प्रस्तावित राजदूतहरूको नाम अनुमोदन गरेको हो ।

समिति सदस्य महेश बर्तौलाले आवश्यक कागजात नपुगेका कारण श्रीलंकाका लागि प्रस्तावित राजदूत रामकृष्ण भट्टराईको नाम अनुमोदन हुन नसकेको जानकारी दिए । 'उहाँले आवश्यक कागजात बुझाएपछि मात्रै नाम अनुमोदन गर्नेछौं,' उनले भने ।

बर्तौलाका अनुसार समिति सदस्यद्वय डोलप्रसाद अर्याल र प्रकाश अधिकारीले दक्षिण अफ्रिकाका लागि प्रस्तावित राजदूत कपिलमान श्रेष्ठ, इजरायलका लागि प्रस्तावित राजदूत धनप्रसाद पण्डित, मलेसियाका लागि प्रस्तावित राजदूत नेत्रप्रसाद तिम्सिना, भारतका लागि प्रस्तावित डा. शंकर शर्माको नाम अनुमोदनमा असहमति जनाएका थिए ।

सरकारले अमेरिकाका लागि लोकदर्शन रेग्मी, बेलायतका लागि चन्द्र घिमिरे, डेनमार्कका लागि सुम्निमा तुलाधर, दक्षिण कोरियाका लागि डा. शिवमाया तुम्बाहाङ्फे, रुसका लागि जंगबहादुर चौहान, मलेसियाका लागि नेत्रप्रसाद तिमल्सिनालाई राजदूतमा सिफारिस गरेको थियो ।


## VACANCY ANNOUNCEMENT
Public Relations Officer (PRO)
**कर्मचारी आवश्यकता: पि.आर.ओ**

**Number of Vacancies: 10 (5 Male, 5 Female)**
पद संख्या: १० (५ पुरुष, ५ महिला)
**Location:** Chandol–4 Chappalkarkhana Kathmandu
**स्थान:** चण्डोल-४, चप्पलकारखाना, काठमाडौं
**Salary:** No limitation for deserving candidates/ **तलब:** आपसी समझदारीमा

**Key Requirements: (प्रमुख आवश्यकताहरू)**
**Education:** Candidates with a minimum of +2 pass (Intermediate level) will be given priority.
**शिक्षा:** न्यूनतम +२ पास भएका उम्मेदवारहरूलाई प्राथमिकता दिइनेछ।
**Experience:** At least 2 years of experience in Public Relations is mandatory.
**अनुभव:** कम्तिमा २ वर्षको अनुभव भएको हुनुपर्ने

**Skills: (सीप)**
Strong communication skills are a must. Candidates with excellent convincing abilities will be highly preferred.
बलियो संचार क्षमता भएको र उत्कृष्ट कन्भिन्सिङ क्षमता भएका उम्मेदवारहरूलाई उच्च प्राथमिकता दिइने छ।

**Selection Process: (छनोट प्रक्रिया)**
Selection will be based on CV screening and interview.
छनोट भएका बायोडाटा स्क्रिनिङ र अन्तर्वार्ताद्वारा हुने छ ।

**How to Apply: आवेदन भर्ने तरिका:**
**E-mail:** managementbigyanhr@gmail.com. मा पठाउनुहोस ।
**सोधपुछको लागि:** ०१४५२२४७७, ०१४५२३४७७ हामीलाई सम्पर्क गर्नुहोला ।
Send your updated CV to
हालसालै बनाएको बायोडाटा पेश गर्नुहोला
managementbigyanhr@gmail.com.
**For inquiries, contact us at: 01 4522477,014523477**


# Belauri Municipality
## Office Of the Municipal Executive
**Belauri, Kanchanpur**
**Sudurpaschim Province, Nepal**

## Invitation for Bids

**Invitation for Bids No.: BELMUN/NCB/R/081/082-02**
Date of publication: 20-09-2024 10:00

1. ***Belauri Municipality*** invites electronic bids from Nepalese eligible bidders for the ***Construction of Blacktop Road from Baraiya-Pachui Rana Tole to Calcutta Hulakhi Connecting Road*** National Competitive Bidding procedures. The estimated amount for the works is **Rs. *17657419 (Exclusive of VAT & Contingencies)***
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Belauri Municipality Kanchanpur, belaurimunicipality@gmail.com,099-580215*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders, submitting their bid electronically, should deposit the cost (Rs 3000) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank:** Rastriya Banijjya Bank **Name of Office:** ***Belauri Municipality***
   **Office Code no. :** 801077604 **Office Account no.:** 4390100301010002
   Rajaswa (revenue) Shirshak no.: BELAURI NA.PA. (GA-1-1)
4. Electronic bids must be submitted through PPMO website on ***20-10-2024 13:00.*** Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***20-10-2024.*** at the office of ***Belauri Municipality.*** Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **Rs. *520000.Nrs*** which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**


## कुवेतमा रोजगार

**कम्पनी : WINGMAN WORLD FOOD SERVICE MANAGEMENT COMPANY**
पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | LT. No. 296544 | चलानी नं. ६०२११६११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 5 | 0 | 130 | ५७,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cook/cook Assistant/chef/ Chef Assistant | 3 | 0 | 130 | ५७,३४५ | | | | | | | |
| 3 | Waitresses | 0 | 2 | 130 | ५७,३४५ | | | | | | | |

**कम्पनी : MAYA TEX RESTAURANT CO.**
पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | LT. No. 311041 | चलानी नं. ६०२२५५६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 10 | 0 | 130 | ५७,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**कम्पनी : LA ROCA INTERNATIONAL RESTAURANT COMPANY**
पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | LT. No. 311042 | चलानी नं. ६०२२५५६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 1 | 0 | 130 | ५७,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waiters | 2 | 0 | 130 | ५७,३४५ | | | | | | | |
| 3 | Waitresses | 0 | 4 | 130 | ५७,३४५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ११ गते (27th Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

## युएईमा रोजगार

**कम्पनी : SOBHA CONSTRUCTION L.L.C**
पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | LT. No. 311063 | चलानी नं.६०२२५५८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 50 | 0 | 1200 | ४३,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Helper | 25 | 0 | 800 | २९,१९० | | | | | | | |
| 3 | Mason(Plaster/Block/Brick/Tile Fixer | 25 | 0 | 1200 | ४३,७९० | | | | | | | |
| 4 | Scaffolder | 50 | 0 | 1200 | ४३,७९० | | | | | | | |
| 5 | Steal Fixer | 50 | 0 | 1200 | ४३,७९० | | | | | | | |

**कम्पनी : TOP H CLEANING & BUILDING MAINTENANCE - L.L.C**
पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | LT. No. 311064 | चलानी नं.६०२२५५८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 9 | 1100 | ४०,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**कम्पनी : MAMA & MAID CLEANING SERVICES L.L.C**
पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | LT. No. 311062 | चलानी नं.६०२२५५८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 4 | 0 | 900 | ३२,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ११ गते (27 Sep. 2024) सम्म हुनेछ ।**

**कम्पनी : FEDERAL SECURITY SERVICES LLC**
पूर्व स्वीकृति मिति : २०८०/१२/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/०३ | LT. No. 302861 | चलानी नं.६०२१९६४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/Helper | 50 | 0 | 800 | २९,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Female Cleaner/Helper | 0 | 30 | 800 | २९,१९० | | | | | | | |
| 3 | Security Guard | 100 | 0 | 1200 | ४३,७९० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ११ देखि १३ गते (27-29 Sep. 2024) सम्म हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रू. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RAJ GROUP OF COMPANIES
श्रम ईजाजत नं.१२४५/०७३/०७४
**Raj Group Of Company Pvt.Ltd.**
Basundhara–3, Kathmandu, Nepal Tel : 0977-01-5903550, 5903660
Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com

## साउदीमा रोजगार

**कम्पनी : Al Duran Car Services Establishment**
पूर्व स्वीकृति मिति : २०८१/०६/०१ | LT. No. 304930 | चलानी नं.६०१९९७०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | VEHICLE CLEANING WORKER | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ११ गते (27th Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1345/074/075
**Al Amal Overseas Pvt. Ltd.**
Samakhusi-26, Kathmandu, Nepal +977-1-4960015, 4966061
E-mail : info@alamaloverseas.com, alamaloverseas@gmail.com, Website : alamaloverseas.com

## युएईमा रोजगार

**कम्पनी : AL BANI GENERAL CONTRACTING & GENERAL MAINTENANCE L.L.C.**
**शहर : Abu Dhabi**
पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | LT. No. 310985 | चलानी नं.६०२२५५२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Brick Mason | 4 | 0 | 1000 | ३६,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Blacksmith | 14 | 0 | 1000 | ३६,५४० | | | | | | | |
| 3 | Building Labour | 7 | 0 | 1200 | ४३,८५० | | | | | | | |
| 4 | Carpenter Assistant | 4 | 0 | 1200 | ४३,८५० | | | | | | | |
| 5 | Concrete Masons | 10 | 0 | 1200 | ४३,८५० | | | | | | | |
| 6 | Construction Carpenter | 11 | 0 | 1200 | ४३,८५० | | | | | | | |
| 7 | Electrician (Gen) | 7 | 0 | 1200 | ४३,८५० | | | | | | | |
| 8 | Reinforce Fitter Assistant | 5 | 0 | 1200 | ४३,८५० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ११ गते (27th Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No- 1168/073/074
**MINAWA RECRUITMENT H.R. PVT LTD**
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## युएईमा रोजगार

**कम्पनी : DAR AL AAYAN CONTRACTING LLC**
**शहर : Dubai**
पूर्व स्वीकृति मिति : २०८१/०५/२८ | LT. No. 310581 | चलानी नं.६०२२५५७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter (Shuttering) | 15 | 0 | 1200 | ४३,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Steel Fixer(3 Yr Experience) | 15 | 0 | 1200 | ४३,९७० | | | | | | | |

**कम्पनी : QUICK REACTION SECURITY SERVICES LLC**
पूर्व स्वीकृति मिति : २०८१/०६/०१ | LT. No. 310893 | चलानी नं.६०२२५५०३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 2000 | ७३,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ११ गते (27th Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११७७/०७३/०७४
**Pari Overseas Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448, Mob: 9813231220, 9802313931, 9851135073, 9808265177, 9806594218, 9841191699, 9841142488, Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

# भक्तपुर क्यान्सर अस्पताल विकास समिति गठन आदेश स्वीकृत

**काठमाडौं (प्रस)**– भक्तपुर क्यान्सर अस्पताल विकास समिति गठन आदेश, २०७७ स्वीकृत भएसँगै कर्मचारी पदपूर्ति प्रक्रिया सुनिश्चित भई अस्पतालले नयाँ फड्को मारेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मन्त्रिपरिषद्मा पेस गरेको गठन आदेशसम्बन्धी संशोधन प्रस्ताव मन्त्रिपरिषद्बाट स्वीकृत भएपछि कर्मचारी स्थायी प्रक्रियाका लागि बाटो खुलेको छ ।

क्यान्सर अस्पताल गठन आदेश पहिलो संशोधन २०८१ स्वीकृत भएको स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले जानकारी दिए । 'कर्मचारीको वृत्ति विकासमा लामो समयदेखि देखिएको समस्या सम्बोधन गर्ने उद्देश्यले पेस गरिएको प्रस्ताव स्वीकृत भएको छ, अब अस्पतालको सेवा सहज र व्यवस्थित ढंगबाट अघि बढी क्यान्सर पीडितले राहत पाउने सुनिश्चित भएको छ,' उनले भने ।

यसअघि नेपाल अर्बुद रोग निवारण संस्थाबाट सरकारले आफैं सञ्चालन गरेको अस्पतालका ३०० भन्दा बढी कर्मचारी ऐन संशोधनको अभावमा आवश्यक नियमावली बन्न नसक्दा वृत्तिविकासबाट वञ्चित हुँदै आएको उल्लेख मन्त्री पौडेलले स्वास्थ्य मन्त्रालयको संशोधन प्रस्ताव स्वीकृत भएसँगै कर्मचारीको वृत्तिविकासलगायतका समस्या समाधान भएको बताए ।

सरकारले अस्पतालको स्वामित्व ग्रहण गर्नुअघि स्थायी कर्मचारीलाई २०७७ को गठन आदेशले करारमा राख्ने व्यवस्था गरेको थियो । गठन आदेश स्वीकृत भएपछि यसअघि स्थायी भएर पनि करारमा परिणत भएका कर्मचारी अब स्थायी हुने छन् । साथै, नयाँ बन्ने नियमावली एवं विनियमावलीअनुसार करारसहित आवश्यक जनशक्ति लोक सेवा आयोगमार्फत स्थायी हुने बाटोसमेत खुलेको छ ।

मन्त्रिपरिषद् बैठकले विकास समिति गठन आदेश स्वीकृत गरेसँगै अब अस्पतालले विनियमावली निर्माण गरेर कर्मचारीको वृत्तिविकासको प्रक्रिया अघि बढाउन बाटो खुलेको स्पष्ट गर्दै स्वास्थ्य मन्त्रालयले भक्तपुर क्यान्सर अस्पतालमा कार्यरत कर्मचारीको समस्या समाधान भएपछि आवश्यक स्वास्थ्य जनशक्ति पठाउन सहज हुने वातावरण बनेको जनाएको छ ।




### परिषद् उपाध्यक्षमा डा. रायमाझी नियुक्त

मन्त्रिपरिषद् बैठकले स्वास्थ्य मन्त्रालयको प्रस्तावमा नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को उपाध्यक्षमा डा. अजित रायमाझीलाई चार वर्षका लागि नियुक्त गरेको छ। यसअघि कान्ति अस्पतालमा दुईपटक निर्देशकको भूमिका निर्वाह गरिसकेका डा. रायमाझी चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान न्याम्सका प्राध्यापक तथा बाल रोग विभाग संयोजक हुन्। न्याम्सका संस्थागत समीक्षा बोर्ड (आइआरबी)का अध्यक्ष डा. रायमाझी शैक्षिक परिषद्का सदस्यसमेत हुन् । अल इन्डिया इन्स्टिच्युट नयाँ दिल्लीबाट एमबिबिएस गरेका रायमाझीले बिपी कोइराला राष्ट्रिय स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानबाट एमडी तथा बेलायतको लिभरपुल युनिभर्सिटीबाट पिएचडी गरेको मन्त्रालयले जनाएको छ ।

---

## सोलुखुम्बु बहुमुखी क्याम्पस
सल्लेरी, सोलुखुम्बु

### आशय पत्र सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१।०६।०४**

यस क्याम्पसबाट प्रकाशित सुचना अनुसार रितपुर्वक पर्न आएका बोलपत्र मध्ये तपसिल ठेक्का नम्बर र बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्यांकित सारभुत रूपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (१) र (२) बमोजिम सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं | बोलपत्रदाताको नाम | विवरण | कबोल अंक (मु.अ कर सहित) |
|---|---|---|---|
| SMC/WORKS/NCB/081/82-01 | सोलु निमार्ण कन्स्ट्रक्सन, सोलुदुधकुण्ड ४, सोलुखुम्बु | Construction of Solukhumbu Multiple Campus Building Block D | १०९,४२,९३०।८४ |

---


## युएईमा रोजगार

कम्पनी : SANED FACILITY MANAGEMENT L.L.C.

पूर्व स्वीकृति मिति : २०७८/११/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/03 | LT. No. 259125 | चलानी नं.६०१७५४६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 50 | 0 | 800 | २९,१९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Security Guard | 75 | 0 | 1600 | ५८,३८३ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ७/८/९ गते (23/24/25 Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FUTURE STAR MANPOWER PVT. LTD. श्रम ईजाजत नं. ३९७/०६०/०६१

Future Star Manpower Pvt. Ltd.
Samakhushi, Townplaning, Kathmandu, Nepal, (Kathmandu) Phone : +977-1-4960576, 4950719, 9810101810, 9813916322
E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com


---


## कुवेतमा रोजगार

कम्पनी : HOKA SHISH RESTAURANT & CAFE CO.

पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | LT. No. 310931 | चलानी नं.६०२२५५७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | male general cleaner worker | 12 | 0 | 110 | ४८,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ११ गते (27th Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CHANDRAKAMANA Govt. License No. 1405/074/75

CHANDRA KAMANA MANPOWER PVT.LTD. (A.D. CAREERS PVT.LTD.)
Ratopul, Gauhala, Kathmandu, Nepal, Contact: +977-01-4542876, 4538339, 9813768590
E-mail : chandrakamna05@gmail.com, Web: www.chandrakamanamanpower.com


---

## Marsyangdi Rural Municipality
## Office of the Rural Municipal Executive
Bhulbhule, Lamjung
Gandaki Province, Nepal

### *Invitation for Sealed Quotation*

**(First Date of Publication: 20 September 2024 (2081/06/04)**

1. The Marsyangdi Rural Municipality, Office of the Rural Municipal Executive, Bhulbhule, Lamjung invites sealed quotations electronically only from registered Suppliers for Procurement and Supplying of Medicine and Surgical Materials under National Competitive Bidding procedures mentioned in the table below.

| Contract ID | Description of Work | Estimated Amount, (Including VATable and Non-Vatable) | Bid Validity Period | Bid Security Amount/ Validity | Bid Document Fee |
|---|---|---|---|---|---|
| 03/MRM/SQ/2081-82 | Procurement and Supplying of Medicines and Surgical Items up to Marsyangdi Rural Municipality | NRs. 30,60,852.23 | 45 days | NRs. 80000 /75 days | |

| | |
|---|---|
| Deadline for Bid Submission | 06th October 2024 (2081/06/20) till 11:00 |
| Date Time and Location for Bid Opening | 6th October 2024 (2081/06/20) 12:00 at Office Premises |
| Account Details for Bid Document | Name of the bank: Himalayan Bank Limited, Bhulbhule,<br>Name of Office: Marsyangdi Rural Municipality, Bhulbhule Lamjung,<br>Office Account Number: 25756351950147 |
| Account Details for Bid Security Deposit | Name of the bank: Himalayan Bank Limited, Bhulbhule,<br>Name of Office: Marsyangdi Rural Municipality, Bhulbhule, Lamjung,<br>Office Account Number: 25756351950098 |

2. Eligible Bidders may obtain further information on 9856079335 and inspect the bidding documents at the office of Marsyangdi Rural Municipality or may visit E-procurement section of PPMO's web Site http://www.bolpatra.gov.np/egp.
3. Matters not covered above shall be as per latest amendment of Public procurement Act and its Regulation.

***Chief Administrative Officer***

---

मधेश प्रदेश सरकार
उर्जा सिंचाई तथा खानेपानी मन्त्रालय
## जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय
चन्द्रनिगाहपुर, रौतहट

### सूची दर्ता गर्ने सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति २०८१/०६/०४)**

यस कार्यालयमा आ.व. २०८१/०८२ को लागि आवश्यक पर्न सक्ने निम्नानुसारको सामान, निर्माण कार्य र सेवाहरु उपलब्ध गराउन ईच्छुक ईजाजत प्राप्त व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुबाट सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ बमोजिम मौजुदा सूची (STANDING LIST) दर्ता तथा अधावधिक गर्नको लागि यो सुचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र अधिकार प्राप्त व्यक्तिले रु. १० को टिकट टाँसी छुट्टाछुट्टै सेवा तथा कार्यको लागि रितपूर्वक आवेदन छुट्टाछुट्टै यस कार्यालयमा पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

**(क) सामान खरिद, उपकरण मर्मत तथा आपुर्ती कार्य:**
१. स्टेशनरी सामानहरु (मसलन्द तथा विविध) ।
२. छपाई सम्बन्धी
३. पत्रपत्रिका तथा पुस्तकहरु
४. फर्निचर तथा फिक्चर्स सम्बन्धी
५. सवारी साधन मर्मत (मोटर तथा मोटरसाईकल, ट्यांकर, ट्याक्टर) पार्टपुर्जा आपूर्ति समेत ।
६. विद्युत सम्बन्धी सामानहरु (पंखा, ए.सी. , हिटर, चिम, तार वायरिंग सम्बन्धी सामानहरु आदी) मर्मत तथा आपुर्ती समेत ।
७. विज्ञापन प्रकाशन सम्बन्धी कार्य ।
८. कम्प्यूटर सफ्टवेयर, वेभसाईट तथा एन्टिभाईरस ।
९. मिनरल वाटर, पानी जार र बोतलको पानी ।
१०. सरसफाई सम्बन्धी सामानहरु ।

**(ख) सार्वजनिक निर्माण तथा मर्मत संभार कार्य:**
१. भवन निर्माण तथा मर्मत सम्भार कार्य ।
२. अन्य निर्माण तथा मर्मत कार्य ।

**(ग) सेवा आपुर्ति तर्फ:**
१. ईलेक्ट्रोनिक्स उपकरणहरु (कम्प्यूटर, प्रिन्टर्स, फोटोकपी मेशीन, युपिएस, टेलिफोन सेट, आदी मर्मत तथा आपुर्ति समेत) ।
२. विभिन्न किसिमका डकुमेन्ट्री निर्माण ।

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु:**
१. फर्म दर्ता, व्यावसाय दर्ताको प्रतिलिपि नविकरण भएको ।
२. भ्याट र प्यान दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
३. आ.व. २०७९/०८० सम्मको करचुक्ता प्रमाणपत्र वा कर विवरण पेश गरेको प्रमाणको प्रमाणित प्रतिलिपि ।
४. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को उपनियम (२ङ) बमोजिमको घोषणापत्र ।

**शर्तहरु:**
१. आफ्नो फर्मले जुन कार्य गर्न वा सामान आपुर्ति गर्न वा सेवा दिने ईजाजत प्राप्त गरेको हो सोही कार्यको लागि मात्र सूची दर्ता गराउन सकिनेछ ।
२. म्याद नाघी आएका र आवश्यक कागजात संलग्न नभएका निवेदन उपर कुनै कारवाही हुने छैन ।
३. प्राप्त निवेदनलाई मौजुदा सूचीमा समावेश गर्ने वार नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित हुनेछ ।

---

मधेश प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
## पूर्वाधार विकास कार्यालय
गौर, रौतहट, नेपाल

### सूची दर्ता गर्ने सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति २०८१/०६/०४)**

यस कार्यालयमा आ.व. २०८१/०८२ को लागि आवश्यक पर्न सक्ने निम्नानुसारको सामान, निर्माण कार्य र सेवाहरु उपलब्ध गराउन ईच्छुक ईजाजत प्राप्त व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुबाट सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ बमोजिम मौजुदा सूची (STANDING LIST) दर्ता तथा अधावधिक गर्नको लागि यो सुचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र अधिकार प्राप्त व्यक्तिले रु. १० को टिकट टाँसी छुट्टाछुट्टै सेवा तथा कार्यको लागि रितपूर्वक आवेदन छुट्टाछुट्टै यस कार्यालयमा पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

**(क) सामान खरिद, उपकरण मर्मत तथा आपुर्ती कार्य:**
१. स्टेशनरी सामानहरु (मसलन्द तथा विविध) ।
२. छपाई सम्बन्धी
३. पत्रपत्रिका तथा पुस्तकहरु
४. फर्निचर तथा फिक्चर्स सम्बन्धी
५. सवारी साधन मर्मत (मोटर तथा मोटरसाईकल, ट्यांकर, ट्याक्टर) पार्टपुर्जा आपूर्ति समेत ।
६. विद्युत सम्बन्धी सामानहरु (पंखा, ए.सी. , हिटर, चिम, तार वायरिंग सम्बन्धी सामानहरु आदी) मर्मत तथा आपुर्ती समेत ।
७. विज्ञापन प्रकाशन सम्बन्धी कार्य ।
८. कम्प्यूटर सफ्टवेयर, वेभसाईट तथा एन्टिभाईरस ।
९. मिनरल वाटर, पानी जार र बोतलको पानी ।
१०. सरसफाई सम्बन्धी सामानहरु ।

**(ख) सार्वजनिक निर्माण तथा मर्मत संभार कार्य:**
१. भवन निर्माण तथा मर्मत सम्भार कार्य ।
२. अन्य निर्माण तथा मर्मत कार्य ।

**(ग) सेवा आपुर्ति तर्फ:**
१. ईलेक्ट्रोनिक्स उपकरणहरु (कम्प्यूटर, प्रिन्टर्स, फोटोकपी मेशीन, युपिएस, टेलिफोन सेट, आदी मर्मत तथा आपुर्ति समेत) ।
२. विभिन्न किसिमका डकुमेन्ट्री निर्माण ।

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु:**
१. फर्म दर्ता, व्यावसाय दर्ताको प्रतिलिपि नविकरण भएको ।
२. भ्याट र प्यान दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
३. आ.व. २०७९/०८० सम्मको करचुक्ता प्रमाणपत्र वा कर विवरण पेश गरेको प्रमाणको प्रमाणित प्रतिलिपि ।
४. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को उपनियम (२ङ) बमोजिमको घोषणापत्र ।

**शर्तहरु:**
१. आफ्नो फर्मले जुन कार्य गर्न वा सामान आपुर्ति गर्न वा सेवा दिने ईजाजत प्राप्त गरेको हो सोही कार्यको लागि मात्र सूची दर्ता गराउन सकिनेछ ।
२. म्याद नाघी आएका र आवश्यक कागजात संलग्न नभएका निवेदन उपर कुनै कारवाही हुने छैन ।
३. प्राप्त निवेदनलाई मौजुदा सूचीमा समावेश गर्ने वार नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित हुनेछ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### 'अकाल मृत्यु' रोक्ने प्रभावकारी कार्यक्रम ल्याऊ

**वैदेशिक रोजगारीका क्रममा बर्सेनि हजारौं युवाहरूले ज्यान गुमाइरहेका छन् । त्यसरी मृत्यु हुने कारणमध्ये पछिल्लो समय आत्महत्या गर्नेको संख्या बढ्दो देखिन्छ । वैदेशिक रोजगार बोर्डको तथ्यांकअनुसार श्रम गन्तव्य मुलुकहरूमा हरेक वर्ष आत्महत्या गर्ने नेपालीहरूको संख्या बढ्दै गइरहेको छ । यो निकै चिन्ताजनक र संवेदनशील विषय हो । यसरी विकराल बन्दै गएको यो विषयमा सरोकारवालाको ध्यान नपुगेको देखिन्छ ।**

**बोर्डको तथ्यांकअनुसार गत आर्थिक वर्ष २०८०/८१ मा वैदेशिक रोजगारीमा गएकाहरूमध्ये विभिन्न कारणबाट एक हजार ३७८ जनाले ज्यान गुमाएका थिए । जसमा १९० जनाले आत्महत्या गरेको उल्लेख गरिएको छ । अघिल्ला चार वर्षमा पनि अत्महत्या क्रमशः बढेको देखिएको छ । आर्थिक वर्ष २०७६/७७ मा ६७ जना, २०७७/७८ मा १४४ जना, २०७८/७९ मा १०७ जना र २०७९/८० मा १४७ जनाले आत्महत्या गरेको तथ्यांक छ ।**

**पछिल्लो पाँच वर्षको अवधिमा ६५५ जनाले रोजगारीका क्रममा विदेशमा आत्महत्या गरेको बोर्डले जनाएको छ । विदेशमा प्राकृतिक रूपमा मृत्यु हुनेको संख्या सबैभन्दा बढी छ । दोस्रोमा अन्य कारणबाट मृत्यु हुनेको संख्या छ भने तेस्रोमा आत्महत्यालाई लिइएको छ । वैदेशिक रोजगारीमा गएकाहरूले आत्महत्या गर्नुको कारणबारे कुनै अध्ययन गरिएको छैन । आत्महत्यालगायतका अन्य कारणबाट हुने मृत्युको रोकथामका लागि आवश्यक उपायहरू अवलम्बन गरिरहेको बताइए पनि सरकारले ठोस् कार्यक्रम अघि सारेको पाइँदैन ।**

**मुलुकमा रोजगारीको अवसर नहुँदा युवाहरू वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता छ । विभिन्न समस्या र सपना लिएर रोजगार गन्तव्यमा पुगेका युवाहरूले त्यहाँ अनेक प्रकारका हण्डर सहनुपर्छ । विदेशी भूमिमा दुःख गरेर भए पनि परिवारको सपना पूरा गर्ने उनीहरूको लक्ष्यमा अनेक बाधा आइपर्छन् । यताबाट म्यानपावर कम्पनीले भनेअनुसारको काम र सेवा सुविधा पाउँदैनन् । जसकारण उनीहरू मानसिक समस्यामा फस्छन् । जसले पछि आत्महत्यासम्मको अवस्थामा पुऱ्याउने गरेको जानकारहरू बताउँछन् ।**

**सरकारले आत्महत्यालगायत अन्य कारणबाट हुने मृत्युको न्यूनीकरण गर्न वीर अस्पतालसँगको सहकार्यमा टेलिमेडिसिन सेवा सञ्चालन गरिरहेको बताएको छ । अनलाइनबाटै स्वास्थ्य तथा मनोपरामर्श सेवा दिने लक्ष्यका साथ टेलिमेडिसिन सेवा सञ्चालनमा ल्याए पनि त्यसको प्रभावकारिता मूल्यांकन हुन बाँकी नै छ । आत्महत्याका घटना जुन रूपमा बढिरहेको छ, यो रोक्न सरकारले ठोस् कार्यक्रम ल्याउन ढिला गर्नु हुँदैन ।**

## मनन्योग्य

### चाणक्य नीति

यस सामाजिक नियमलाई जसले तोड्दछ, कसूर ठहरिन्छ । कसूरको मात्रालाई विचार गरर यस्तो कसूर गर्नेलाई दण्ड सजाय गर्ने नै 'धर्म देवता' हुन् । जसलाई 'यमराज' पनि भनिन्छ । यमराज कतिसम्म सावधान भई आफ्नो कर्तव्यको पालना गर्नुपर्छ अति सामान्य त्रुटी हुन गएछ भने यमराज स्वयम्ले पनि सजाय भोग्नु पर्द भन्ने कुरा हामी ज्यादै थोरै व्यीक्त मात्रले थाहा पाएका छौं ।

पृथ्वीको नैऋत्य कोणमा धर्मराजको संयमिनी सहर हालको यमन या युनान हो कि भनी अड्कल गर्न सकिन्छ) । त्यस सहरमा अति विशाल (भव्य) महलहरू थिए । त्हयाँ धर्मराज आफ्ना मन्त्रीहरू र धार्मिक सभासदहरूका साथ बस्ने गर्नुहुनछ । धर्म र अधर्मका तत्व के हुन् भन्ने कुरा भगवान् स्वयम्ले मात्र सुनुभएको छ अथवा भगवान्लाई भेट्न पाउने ऋषि महर्षिहरूले युकेका होलान् । भगवान्को त्यो रूप जसले सकल प्राणीको हृदयभित्र रहेर सम्पूर्ण जगत् र प्राणीहरूलाई आफूभित्र समाहित गरेको छ । धर्मकै आधारमा नै सबैको स्थिति (व्यवस्था बनेको छ । धर्ममा नै सबै कुरा आबद्ध छन् । यसैले धर्मलाई परम तत्व भनिएको छ ।

भाव-भेदका कारण (१) आध्यात्मिक (२) आधिदैविक (३) आधिभौतिक गरी तीनवटा धर्मका स्वरूप छन् । धर्मको पहिलो आध्यात्मिक स्वरूप स्वयम् भगवान् नै हुनुहुन्छ । दोस्रो आधिदैविक स्वरूप धर्मराज अथवा यमराजलाई मानिएको छ । यिनैले यस संसारमा विचरण गरेर पुण्य गर्ने र पाप गर्नेहरूका कर्म र कुकर्मको पहिचान गर्दै कर्मफलको व्यवस्था गर्दछन् । यसैले धर्मराजलाई सकल प्राणीको व्यावहारिक धर्मको अधिष्ठात् देवता हुन् भनी मानिदै आएको छ । तेस्रो आधिभौतिक स्वरूप भन्नु सामाजिक व्यवस्था हो शास्त्र र यसको तत्वलाई भलिभाती बुझ्केका ऋषि सामाजिक व्यवस्थाका नियमहरू बनाएका छन् । यी नियमहरूको पनि देश, काल, पात्र, शक्ति, वय आदिले गर्दा अनेकौं भेद र प्रकारहरू बनेका छन् ।

# संविधान कार्यान्वयन र जनअपेक्षा



■ कल्याण श्रेष्ठ

> संविधानको उद्देश्य, मूल्य, मान्यता त ठूलो छ तर त्यसलाई रूपान्तरण गर्नसक्ने अंगहरु, आयोगहरु भएनन्, स्रोत र साधनको विनियोजन भएन र आवश्यक वातावरण भएन भने जनतामा निरासा आउने गर्दछ । राज्यका अंगहरूबाट जनताले अपेक्षा गरेका कुराहरूको सम्बोधन भएको देखिँदैन । युवा जमातमा त विदेश जाने प्रवृत्ति बढेको छ । देशमा बसौंबसौं लाग्ने वातावरण बन्न सकेको छैन । देशमा भविष्य छ भनेर सोच्न लगाउने अवस्था छैन । त्यसले गर्दा पुँजी, ज्ञान, ऊर्जा र सपना पलायन भए । युवाहरु विदेश जानै हुँदैन भन्ने होइन तर विदेश जाने भनेको क्षमता र पुँजी वृद्धि गर्नका लागि हुनुपर्ने थियो ।

नेपालको संविधान जारी भएको नौ वर्ष भयो । करिब एक दशकको अवधि भनेको सबैभन्दा धेरै उत्पादनशील, लाभदायक र अनुभाव हासिल गर्ने महत्त्वपूर्ण अवधि हो । त्यो उपलब्धि हासिल भयो कि भएन भनेर मूल्यांकन गर्नुपर्ने अहिलेको अवधि हो । संविधान कार्यान्वयन त भइरहेको छ । संविधान कार्यान्वयनका लागि पहिलो आधारभूत कुरा निर्वाचन हो । दोस्रो निर्वाचनसम्म भइसक्यो । निर्वाचनले जनताको आकांक्षाको आवश्यकताको अनुभूतिको प्रतिबिम्बस्वरूप परिणामहरू दिनुपर्थ्यो तर निर्वाचनले कसलाई सरकार बनाउने जनादेश दिएको भन्ने प्रस्टसम्म पनि पार्न सकेन । निर्वाचनमा प्रस्ट बहुमत कसलाई भन्ने भएन । मिलीजुली सरकार बनाउँदाखेरि दलहरूको निकटतम् हिसाबले बनाउनुपर्ने हो ।

दलहरूको आफ्नो राजनीतिक धर्म, दर्शन, नीति सिद्धान्त र कार्यक्रमहरू हुन्छन् । ती कार्यक्रम र सिद्धान्तअनुसार सरकार बन्नुपर्ने हो । सरकार बनाउने बेलामा कम्युनिस्ट होस् कि कांग्रेस होस् कि राप्रपा होस् कि जनमत होस्, सिद्धान्तहरूमा आकाश/पाताल अन्तर पर्ने तर सरकार बनाउन भने सहमत हुनेलाई कसरी हेर्ने ? निर्वाचन प्रणाली, राजनीतिक दलहरूको विकास र जनताले दिएका अभिमतको तालमेल केही पनि देखिँदैन । सिद्धान्तहीन राजनीति चलेको देखियो । धेरै दल भए पनि बहुदल भन्नुपऱ्यो । सरकार निर्माणको शैली, एकले अर्कालाई सहजरूपमा स्वीकार गरेको देखियो । यसरी हेर्दा रूपमा बहुदल मनमनमा निर्दल त कहीँ हुर्किएको छैन भन्ने अवस्थासम्म पुगेको छ । अर्थात् बहुदलीय राजनीतिक प्रजातान्त्रिक संस्कृति निर्माण गर्नमा अहिलेको संवैधानिक प्रयासहरू या यथेष्ट भएनन् वा ठीक दिशातर्फ निर्देशित भएनन् । सही परिणाम निकाल्न सकेको अवस्था छैन ।

संघीयताको कुरा गर्दा अपूर्ण कार्यान्वयन भयो । संघीय सरकार केन्द्रीयतावादी देखिएको छ । स्थानीय तह अपेक्षाकृत स्वतन्त्र र अधिकार सम्पन्न देखिन्छ तर दायित्व कार्यान्वयन गर्न सक्ने क्षमता सम्पन्न देखिँदैन । प्रदेश सरकारलाई स्थानीय सरकारले नटेर्ने र संघीय सरकारले नसुन्ने र उपेक्षाको अवस्थामा गुज्रेको देखिन्छ । एक्लै केही गर्न नसक्ने अवस्थामा रहेको छ । अधिकारको विनियोजन अपूर्ण भएको छ । अहिलेसम्म आधारभूत निजामती ऐन, प्रहरी ऐनलगायत धेरै ऐन बनाइएको छैन । संविधानले सोचजस्तो दिशामा देखिँदैन । जनतामा संघीयताप्रति नै वितृष्णा आउने हो कि भन्ने भय रहेको देखिन्छ ।

संविधानको सबैभन्दा महत्त्वपूर्ण सिद्धान्त समावेशिता हो । जनसंख्याको समानुपातिकको समावेशिता भनियो । हामीलाई इतिहासदेखि नै पछाडि पारिएका, भेद्भावमा परेको, मौका नपाएका, हिंसामा परेका वर्गलाई माथि उठाउनुपर्ने थियो । अस्थायीरूपमा विशेष अवसर दिएर क्षमता अभिवृद्धि गरेर समान हैसियतमा ल्याउनु थियो । राजनीतिक दलले जनसंख्याको अनुपातको आधारमा सिटको बाँडफाँट गर्ने काम गऱ्यो । हेर्दा दलित र महिला पनि परेको देखियो तर जनसंख्याको अनुपातमा गरेर हेर्दा हिजोको शासक वर्गले नै समावेशिताको लाभ लिएको छ । राणा, शाह वा खस आर्यले नै समानुपातिकमा प्रतिनिधित्व गरिरहेका छन् । तोकिएको वर्गभित्र पनि पहुँचवालाको प्रतिनिधित्वको सुनिश्चित भएको छ ।

संविधानको सबैभन्दा ठूलो सिद्धान्त नै समान मैदानमा समान हैसियतले खेल्नसक्ने हैसियतमा पुऱ्याउनुपर्ने सिद्धान्त हो तर लाभान्वित वर्गको हितका लागि प्रयोग भयो । भ्रष्टाचार, स्वार्थ र षड्यन्त्रको सिकार भयो । समावेशीले उच्च मूल्य मान्यता र मर्यादा दिनुपर्ने थियो । जुन वर्ग लाभान्वित हुनुपर्ने थियो तर त्यो हुन सकेन । प्रजातन्त्रको महत्त्वपूर्ण कुरा समानताको सिद्धान्त हो । कानुनको अगाडि समानता, कामको सम्मान संरक्षण, कानुनको अधिनमा रहेर लाभहरूको समान वितरण भएन । सम्भ्रान्त वर्ग केन्द्रित लाभहरूको वितरण भयो । विकासले समानता स्वच्छ र उत्पादनशीलतको सम्बर्द्धन गर्नुपर्ने थियो । संविधानले दिने भनेको सुशासन, समान प्रतिष्ठाको संरक्षण र राजकीय निर्णय प्रक्रियामा समान सहभागिता राख्ने हुनुपर्छ । ती प्रक्रियाहरू स्वच्छ, समान, विवेकशील र पारदर्शी हुनुपर्छ । तर, हुन सकेन । संविधानमा सन्तुलन र नियन्त्रणका कुराहरू लेखिएको भए पनि शक्ति पृथकीकरण सिद्धान्तभन्दा पनि त्यसको दुरूपयोग गर्ने बढी गरेको देखियो ।

संघीयता कार्यान्वयनमा नभई नहुने कानुन पनि अहिलेसम्म बनेका छैनन् । १० वर्षसम्म कानुन बनेर पनि कार्यान्वयन भएर समीक्षा गर्ने अवधि भइसकेको छ । मौलिक हक, निजामती ऐन, प्रहरी ऐनजस्ता अन्य धेरै ऐनहरू अझै बन्न सकेको छैन । संसद् बस्छ, अधिकांश समय राजनीतिक गफ गर्छ । विधायिका अनुपादक बन्दै गएको छ । विधायिकाले ऐनहरू समयमा नबनाएपछि कार्यपालिकाको स्वच्छन्दता बढ्दै जाने हुन्छ । कानुन नभएपछि कार्यपालिका आफ्नो विवेकले चल्ने भयो । विधिको शासनमा मुलुक चल्नुपर्नेमा तदर्थवादी ढंगबाट शासन व्यवस्था चल्दै गएको छ । अध्यादेशमार्फत कानुन ल्याउने अनि अदालतमा मुद्दा आउने भएको छ । अदालतले पनि समयमा निर्णय गर्न नसकेको देखिन्छ । यसले हामीले कस्तो किसिमको कानुनको शासनको परिकल्पना गरेको हौं ? भन्ने प्रश्न उब्जेको छ ।

न्यायपालिकाको संविधान कार्यान्वयन भए नभएको हेर्ने हो । तर, कानुन बनाउने विधायिकाले हो । न्यायपालिका आफैंले संविधान कार्यान्वयन गर्ने होइन । कार्यान्वयन सही ढंगले कार्यान्वयन भयो कि भएन भनेर हेर्ने हो । विधायिका अनुत्पादक भएर जाने, सरकारचाहिँ विधायिकासँग साझेदार गरेर राम्ररी काम गर्न नसक्ने अनि न्यायपालिकाले कानुन आफैंले बनाउने होइन । कानुन बनाऊ भनेर आदेश दिने हो, ध्यानाकर्षण गराउने हो । जुन खालका मुद्दाहरू अदालतमा आउने गर्छन्, अदातलमा आउने मुद्दाको अनुहार हेरेर पनि थाहा हुन्छ कि तिनीहरू अधिकांश कानुन बनाउन भनेर आउँछन् । निर्वाचन मुद्दा, भ्रष्टाचार मुद्दा लामो समयसम्म अनिर्णय रहने गर्दछ । न्यायाधीश नियुक्ति प्रक्रिया समयमा नहुँदा मुद्दाको समयमा निर्णय हुन सकेको छैन । अदालतमा मुद्दाहरू हुँदा संवैधानिक आयोगहरू पनि शिथिल अवस्थामा छन् । सबै कुरा शिथिल भएको अवस्थामा यो संविधानले कसरी काम गर्न सक्छ ?

संविधानको उद्देश्य, मूल्य, मान्यता त ठूलो छ तर त्यसलाई रूपान्तरण गर्नसक्ने अंगहरू, आयोगहरू भएनन्, स्रोत र साधनको विनियोजन भएन र आवश्यक वातावरण भएन भने जनतामा निरासा आउने गर्दछ । राज्यका अंगहरूबाट जनताले अपेक्षा गरेका कुराहरूको सम्बोधन भएको देखिँदैन । युवा जमातमा त विदेश जाने प्रवृत्ति बढेको छ । देशमा बसौंबसौं लाग्ने वातावरण बन्न सकेको छैन । देशमा भविष्य छ भनेर सोच्न लगाउने अवस्था छैन । त्यसले गर्दा पुँजी, ज्ञान, ऊर्जा र सपना पलायन भए । युवाहरू विदेश जानै हुँदैन भन्ने होइन तर विदेश जाने भनेको क्षमता र पुँजी वृद्धि गर्नका लागि हुनुपर्ने थियो । आफू जन्मेको भूमिको गुन तिर्नुपर्ने थियो तर गएकाहरू फर्किँदैनन् कि भन्ने डर छ ।

संवैधानिक प्रणालीले जुन नतिजा दिनुपर्ने थियो । त्यो नतिजा दिन सकेको छैन । यो निरासा आउन नदिनका लागि स्वयं संवैधानिक व्यवस्था र सरकारका सम्पूर्ण अंगहरू, सरकारी निकायमा बसेका पदाधिकारीहरू जिम्मेवारी हुनुपर्ने हुन्छ । यी ती निकाय र जिम्मेवार पदाधिकारीहरूले सही ढंगबाट काम गर्न नसक्दा संविधानले जस्तो नतिजा दिनुपर्ने हो, त्यो दिन सकेको छैन । अब पनि यस्तो अवस्था रहनु हुँदैन । अब नतिजा नदिएर बसिरहने र निरन्तरता पाउने छुट छैन । संविधानको उद्देश्य हासिल गर्नुपर्छ । सबैले त्यो स्थितिका बारेमा सोच्नुपर्छ ।

संविधान आफैं कार्यान्वयन हुने होइन । संविधान कार्यान्वयन सरकार र जनताले नै गर्ने हो । संविधान कार्यान्वयन कमजोर हुने तर सरकार बलियो भइरहने गर्नाले जनता निरासा जाग्दछ । सबैले संविधान कार्यान्वयन गरेर जनतामा आशा जगाउन र संविधानको सम्भार गर्नुपर्छ । संविधानको सफल कार्यान्वयन गरी चेतना जगाउने खालको परिस्थितिको निर्माण गर्नुपर्छ । संविधानको कार्यान्वयन अवस्थालाई समीक्षा गरेर अहिलेको अवस्थालाई सुधार गर्नुपर्छ ।

*(पूर्वप्रधानन्यायाधीश श्रेष्ठसँग राससले गरेको कुराकानीमा आधारित)*

# दिशाहीन अवस्थामा गुज्रिएको राजनीति



■ चन्द्र काफ्ले

मुलुकको राजनीति अझै पनि दिशाहीनतामा गुज्रिएको छ । आर्थिक संकटको अवस्थाबाट मुलुकले मुक्ति पाउन सकेको छैन । युवाहरू विदेश पलायन हुने क्रम झन् बढ्दो छ । भ्रष्टाचार अनियन्त्रित बनेको छ । राजनीतिक नेतृत्व र सरकारमा बस्ने व्यक्तिहरू नै भ्रष्टाचारका ठूला-ठूला काण्डमा मुछिएका छन् । उद्योग व्यवसाय, व्यापार खस्किँदै गएको छ । बेरोजगारी बढ्दो छ । समग्रमा भन्दा गणतान्त्रिक व्यवस्थाले मुलुकको राष्ट्रियता सार्वभौमसत्ता कमजोर बनाएको अवस्था छ । विदेशी हस्तक्षेप बढेको छ । धर्म, संस्कृति परम्परामाथि हस्तक्षेप बढ्दै गएको छ । सामाजिक एकता कमजोर हुँदै गएको छ । जातीयता, क्षेत्रीयता, धार्मिकतामा द्वन्द्व बढ्दै गएको छ । समग्रमा भन्दा मुलुक अराजकतातर्फ उन्मुख छ ।

नेपालको पहिचान, नेपालीको पहिचानमा संकट पैदा हुँदै गएको छ । त्यसैले जनताहरू हालको व्यवस्थाप्रति आक्रोसित बन्दै गएका छन् । र यो व्यवस्था बदलिएर मुलुकलाई सही दिशा निर्देश दिने, मुलुकको स्वतन्त्रता जोगाउने र जनताका आर्थिक अवस्था, सामाजिक, सांस्कृतिक समस्या समाधान गरी मुलुकलाई सपष्ट दिशा निर्देश गर्न नयाँ व्यवस्थाको जनताले आवश्यकता महसुस गर्दै गएका छन् । नयाँ व्यवस्था स्थापनाका लागि नेपाली समाज अग्रसर भइरहेको देखिन्छ ।

भ्रष्टाचार एउटा डरलाग्दो अपराध हो । यसको क्षेत्र व्यापक छ । केवल घूस लिनेदिने मात्र होइन, यो एउटा सामाजिक मूल्यमान्यता विपरीतको कार्य पनि हो । मुलुक चलाउने जिम्मा लिएका राजनीतिकर्मीहरूको आचरण र व्यवहार शुद्ध हुनु पर्दछ । नैतिक मूल्य मान्यतालाई पालना गर्नुपर्दछ । मुलुक र जनताप्रति जवाफदेही हुनुपर्दछ । राजनीतिक नैतिकताको पनि पालना गर्नुपर्दछ । यदि त्यसो गरिएन भने नेपाली समाज भ्रष्ट भएर जान्छ । विकृति र विसंगति बढेर सामाजिक, आर्थिक क्षेत्रमा ठूलो नैतिक मूल्यको ह्रास भएर समाज विखण्डनतर्फ जान सक्छ । अहिलेका राजनीतिकर्मीहरूमा नैतिक मूल्य मान्यता हराउँदै गएको छ । जसले गर्दा मुलुकमा एउटा विकराल स्थिति पैदा हुँदै गएको छ । जसरी पनि चुनाव जित्ने, जसरी पनि सत्तामा पुग्ने अनि अकुत सम्पत्ति कमाउने प्रवृत्ति राजनीतिक क्षेत्रमा व्यापकरूपमा बढेको देखिन्छ । यो राजीतिक क्षेत्रको विकृतिले समाजको अन्य क्षेत्रमा पनि प्रभाव बढाउँदै लगेको छ । फलस्वरूप राज्यका अन्य क्षेत्रमा पनि भ्रष्टाचार मौलाउँदै गएको देखिन्छ ।

मुलुकको संविधान कानुनले सार्वजनिक पदमा बस्ने व्यक्तिले भ्रष्टाचार गरेमा अनुसन्धान गर्न संवैधानिकरूपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको व्यवस्था गरिएको छ । तर, उक्त आयोगमा पूर्वकर्मचारीहरू, राजनीतिक पार्टीका कार्यकर्ताजस्ता व्यक्तिहरू नियुक्त हुने गरेका छन् । जुन आफू पदमा रहँदा वा बाहिर रहेको अवस्थामा भ्रष्टाचार गर्ने व्यक्तिहरू भ्रष्टाचारमा संलग्न भएको पाइन्छ । अख्तियारमा शुद्ध नैतिक आचरण र भ्रष्टाचारको अनुसन्धानमा राम्रो योगदान दिने व्यक्तिहरू पुग्नुपर्दछ । तर त्यसो नहुँदा एक त उनीहरू नियुक्ति गर्नेप्रति नै बढी वफादार रहने र आफ्नो कार्यक्षमता पनि नभएको कारणले वास्तविक भ्रष्टाचारीलाई कारबाही गर्न सकिरहेको अवस्था छैन । यी सबै कारणबाट अख्तियारको उद्देश्यअनुरूप कार्य हुन सकेको छैन । जसबाट मुलुकमा भ्रष्टाचारको अपराध अझ बढेर गएको छ ।

पहिलो कुरा त राजनीतिक व्यक्ति र सरकार सञ्चालन गर्ने व्यक्ति नेताहरूमा स्पष्टरूपमा कसरी देश विकास गर्ने भन्ने दृष्टिकोण (भिजन)को अभाव देखिन्छ । राजनीतिक नेताहरू देश बनाउने भन्दा पनि आफू, आफ्नो पार्टी, आफ्नो परिवार र आफ्ना कार्यकर्तालाई मात्र फाइदा हुने काममा संलग्न रहेको पाइन्छ । जनताका समस्याप्रति उनीहरूले बेवास्ता गरेको देखिन्छ । मुलुक हाँक्ने व्यक्तिहरू नै ठूला-ठूला भ्रष्टाचारका काण्डमा संलग्न भएको देखिनाले मुलुकको आर्थिक विकासमा ठूलो बाधा उत्पन्न भएको छ । यसैगरी सरकारले मुलुकभित्र उत्पादन, वितरण प्रणालीलाई समुचितरूपमा व्यवस्था गर्न सकेको पाइँदैन । कृषिप्रधान देश भनिएको छ । कृषि क्षेत्रको उत्पादन ह्रास हुँदै गएको छ । राष्ट्रिय अर्थतन्त्र कमजोर बन्दै गएको छ । राष्ट्रिय उद्योग, व्यवसाय, व्यापार कमजोर बन्दै गएको देखिन्छ । मुलुक दान र विदेशी ऋणबाट सञ्चालन हुँदै आएको छ । यी कारणहरूबाट जनताले सोचेजस्तो विकास हुन नसकेको हो ।

दलहरूमा प्रजातान्त्रिक सोच, आचरण र व्यवहार देखिँदैन । प्रजातन्त्रका आफ्नै मूल्य मान्यता हुन्छन् । राजनीतिक नैतिकता प्रत्येक कार्यकर्तामा हुनु जरुरी छ । प्रायः सबै मुख्य दलहरूमा प्रजातान्त्रिक चरित्रको अभाव र प्रजातान्त्रिक मूल्य अनि मान्यताको अभाव देखिन्छ । जसका कारणबाट नेताहरूले आफ्ना दलहरूलाई प्रजातान्त्रिक मूल्यमान्यता अनुरूप दोहोऱ्याउन सकेका छैनन् ।

संसदीय व्यवस्थामा प्रतिपक्षी दलको भूमिका महत्त्वपूर्ण हुन्छ । सरकारमा बस्ने दलको निगरानी गर्दै तीनका गलत क्रियाकलापलाई नियन्त्रण गर्दै आगामी चुनावमा जनताका समस्यालाई लिएर मत माग्नुपर्ने हो । तर, नेपालको संसद्मा वास्तविकरूपमा प्रतिपक्षी भूमिका खेल्ने दल देखिएको छैन । सरकार बनाउँदा बढी मत प्राप्त गर्ने अथवा सिट प्राप्त गर्ने पहिलो र दोस्रो बढी सिट प्राप्त गर्ने दलले सरकार बनाउनु भनेको प्रजातन्त्रमा प्रतिपक्षी दलको भूमिकालाई गौण बनाउनु हो । यस्तो कार्यले प्रजातन्त्र बलियो हुँदैन । भ्रष्टाचारमा संलग्न भए सरकारलाई खबरदारी गर्नु पर्ने प्रतिपक्षी दल नै भ्रष्टाचारमा संलग्न भएको देखिन्छ । त्यसैले प्रतिपक्षी दलले सरकारलाई खबरदारी गर्नुपर्नेमा सरकारसँग मिलेर भ्रष्टाचार गरिरहेको देखिन्छ ।

नेपालको भूराजनीतिक अवस्था सामाजिक आर्थिक, सांस्कृतिक विशिष्ट अवस्थाको सन्दर्भमा देशले एउटा स्थायी सबै नेपालीहरूलाई एकताको सुत्रमा बाँध्ने संस्थाको जहिले पनि आवश्यकता देखिन्छ । त्यो संस्था भनेको संवैधानिक राजसंस्था नै हो । राजसंस्था नभएको अवस्थामा अहिलेको व्यवस्थानुसार राष्ट्रपतिले स्वच्छ, निष्पक्ष भूमिका निर्वाह गरेको पाइएन । कुनै न कुनै दलको नेता वा राजनीतिक दलमा काम गरेको व्यक्तिलाई नै राष्ट्रपति चयन गरिँदा निजले निष्पक्षरूपमा राष्ट्रपतिको पदीय हैसियतअनुसार भूमिका निर्वाह गर्न सकेको देखिँदैन । त्यसैले राष्ट्रपतीय प्रणालीको विकल्पमा एउटा इतिहास कालखण्डदेखि महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको राजसंस्था पुनःस्थापनाको आवश्यकता सबैले महसुस गरेका छन् ।

*(लेखक वरिष्ठ अधिवक्ता हुन्)*

# एम्बुलेन्स सञ्चालनमा आएपछि स्थानीय खुसी



**जानकी (बाँके)**– 'हाम्रो गाउँपालिका राजमार्गमा पर्ने भएकाले यहाँ प्रायः सवारी दुर्घटना भइरहन्छन्, पहिले बिरामीलाई अस्पताल लैजानका लागि सवारीसाधन खोज्न निकै आपत् पर्थ्यो तर हाल एम्बुलेन्स सञ्चालनमा आएदेखि सवारीसाधनका लागि भौतारिनु पर्दैन, समयमा नै अस्पताल पुगिन्छ भन्ने विश्वास जागेको छ,' यो भनाइ हो बाँकेको राप्तिसोनारी गाउँपालिका-२ की मीना वलीको । मीनाले धेरैपटक राजमार्गमा भएका दुर्घटना नजिकबाट देखेकी छन् । प्रायः रातिको समयमा दुर्घटना हुने हुँदा समयमै उपचार नपाउँदा कतिपयले ज्यान गुमाएको पनि उनको सम्झनामै छ । त्यसैले यहाँका स्थानीयले भरपर्दो एम्बुलेन्स सेवा सञ्चालनका लागि आवाज उठाइरहेका थिए । तीमध्ये मीना पनि एक थिइन् । पछिल्लो समय यहाँ चौबिसै घण्टा सेवा दिनेगरी एम्बुलेन्स सञ्चालनमा आएपछि पहिलेको जस्तो समस्या नहुने उनको विश्वास छ ।

मीनाजस्तै सोही गाउँपालिका-८ का रामशरण थारुले पालिकामा एम्बुलेन्स सेवा सुरु भएपछि खुसी छन् । 'निकुञ्जसँगै जोडिएको राजमार्गका कारण यहाँ सवारी दुर्घटनाका साथै वन्यजन्तुको आक्रमणबाट पनि बेलाबेला समस्या हुने गरेको छ । विगतमा धेरैले दुःख पाएका छौं । कतिले समयमा अस्पताल पुऱ्याउन नसक्दा ज्यान गुमाएका पनि छन्,' उनले विगत सम्झिँदै भने, 'अब आफ्नै पालिकामा चौबिसै घण्टा एम्बुलेन्स सेवा सुरु भएको छ । अब समयमै अस्पताल नपुऱ्याएका कारण कसैले पनि अकालमा ज्यान गुमाउनु पर्दैन भन्ने विश्वास जागेको छ ।'

सोही पालिका-२ का कार्यवहाक वडाध्यक्ष दीर्घबहादुर बुढाक्षेत्री पनि विगतमा सवारीसाधनको अभावमा समयमै अस्पताल पुऱ्याउन नसक्दा धेरै घाइते तथा बिरामीले ज्यान गुमाएको स्मरण गर्छन् । 'अकस्मात कुनै घटना भइहालेमा कोहलपुर मेडिकल र नेपालगञ्ज मेडिकल कलेजसम्म पुग्न समस्या हुने गर्थ्यो । समयमा अस्पताल पुऱ्याउन नसक्दा धेरैले अकालमा ज्यान गुमाउनुपरेको आफ्नै आँखाले देखेको छु । त्यही समस्या समाधान गर्न पालिकाले एम्बुलेन्स सेवा सुरु गरेको छ । अब केही राहत हुने छ,' उनले भने । बाँकेको राप्तिसोनारी गाउँपालिकाले सर्पदंश उपचार केन्द्रका लागि भन्सार तिरेर ल्याएको एम्बुलेन्सलाई सञ्चालनको जिम्मा सशस्त्र प्रहरी बल नेपाल नं. ४२ रिजर्भ गणलाई दिएको छ । असोजको १ गतेदेखि सशस्त्र प्रहरी बलले एम्बुलेन्स सञ्चालनको जिम्मा लिएको हो ।

गाउँपालिकाका अध्यक्ष तप्तबहादुर पौडेलले जनतालाई छिटो छरितो सेवा प्रवाह गर्ने उद्देश्यले एम्बुलेन्स खरिद गरेर ल्याइए पनि केही प्राविधिक कारणले सञ्चालन गर्न नसकिएको बताए । उनले सशस्त्र प्रहरी बललाई एम्बुलेन्स हस्तान्तरण गरेसँगै सेवा प्रवाहमा सहजता हुने विश्वास व्यक्त गरे । 'पूर्व-पश्चिम राजमार्गमा हुने सवारी सडकलगायत समस्यामा उद्धार तथा भैपरी आउने दैवीप्रकोपको उद्धारमा पनि सहयोग पुगोस् भन्ने उद्देश्यले एम्बुलेन्स हस्तान्तरण गरिएको छ । पक्कै पनि सोहीअनुसार सञ्चालन हुने छ,' अध्यक्ष पौडेलले भने ।

बाँकेका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालले पालिकाले सशस्त्र प्रहरीलाई एम्बुलेन्स हस्तान्तरण गरेकोमा त्यसले विपद्का समयमा निकै सहयोग पुग्ने बताए । 'दूरीका हिसाबले पनि यस पालिकामा हुने दुर्घटनाका घाइते वा बिरामीलाई समयमै अस्पताल पुऱ्याउन गाह्रो हुन्छ । अब एक्बुलेन्सका कारण सो समस्या समाधानमा सहयोग पुग्ने छ,' उनको भनाइ छ ।

सशस्त्र प्रहरी बल नेपाल नं. ४२ रिजर्भ गणका गणपति क्षेत्रीले पालिकाले विश्वास गरेर एम्बुलेन्स हस्तान्तरण गरेकाले सोहीअनुसार काम गर्न आफूहरू प्रतिबद्ध रहेको बताए । सम्झौताअनुसार हालका लागि एम्बुलेन्स सेवा पालिकाको वडा नं २, ८ र ९ मा सञ्चालनमा आएको छ । सम्झौतामा उल्लेख भएअनुसार उक्त एम्बुलेन्स चालक र एम्बुलेन्सको संरक्षण सशस्त्र प्रहरीले गर्ने छ भने एम्बुलेन्सको इन्धन र मर्मतलगायतका अन्य खर्चको जिम्मेवारी पालिकाले नै बेहोर्ने छ । *रासस*

# प्रयोगविहीन भयो झोलुंगे पुल

**तुलसीपुर**– कुनै बेला दाङको राजपुर गाउँपालिकाको जंग्रहवा र लमही नगरपालिकाको जहरे जोड्ने झोलुंगे पुल नै स्थानीयका लागि आवतजावतको विकल्प थियो । यही पुलले नै राप्ती नदीमा डुंगाबाट जोखिमपूर्ण यात्रा गर्नबाट छुट्कारा दिएको थियो । अचेल त्यही पुल प्रयोगविहीन बनेको छ । करिब १०० मिटर नजिकै पक्की मोटरेवल पुल बनेपछि झोलुंगे पुल प्रयोगविहीन हुन पुगेको स्थानीय शान्तकुमार बुढाले बताए । 'पहिले यही पुल नै हाम्रो लागि नदी वारपार गर्ने माध्यम थियो । त्यसताका वरदानजस्तै बनेको थियो झोलुंगेपुल,' उनले भने, 'तर अचेल नजिकै मोटरेवल पुल बनेपछि प्रयोगविहीन हुन पुगेको छ ।'

विगतमा राजपुर गाउँपालिकासँग राजमार्ग नजोडिएकाले यही पुलले सम्बन्ध जोडेको थियो । हाल प्रयोगविहीन भएकाले त्यसलाई अन्य आवश्यकता भएको ठाउँमा लैजान सकिएमा त्यसको उपयोगिता हुने स्थानीको भनाइ छ । 'धेरै ठाउँमा पुल छैनन्, तर यहाँ एकै ठाउँमा दुईवटा पुल भए । त्यसैले झोलुंगे पुल नभएको ठाउँमा लैजान सकिए नागरिकलाई सहज हुन्थ्यो,' बुढाले भने ।

यहाँ चार वर्षअघि ३५ करोड रूपैयाँको लागतमा २८० मिटर लामो मोटरेवल पुल बनेको छ । उक्त पुल बनेपछि सवारीसाधन सञ्चालन र स्थानीयलाई आवतजावत गर्न सहज भएको छ । यही पुल तरेर हुलाकी राजमार्ग जान सकिन्छ । यहाँ पुल निर्माण भए पनि सडक स्तरवृद्धि भने हुन सकेको छैन । *रासस*

# प्राचीन सभ्यताको झल्को दिने 'जोंग' गुफा

■ सन्तोष गौतम



**म्याग्दी**– चारैतिर नांगो र सुख्खा पहाड, पहाडको भित्तामा प्वालहरू । फेदीको प्वालबाट छिरेपछि तला चढ्दै पहाडको टुप्पोमा पुगिने । तलापिच्छे धुँवाले कालो भएका कोठा । कोठामा बत्ति बाल्ने, सामग्री भण्डारण गर्ने ठाउँ तथा विभिन्न कलाकृति । यहाँ आउँदा जोकोही मोहित हुन्छन् ।

यस्तो अनौठो तर आकर्षक गुफा हो, मुस्ताङको लोमान्थाङ गाउँपालिका-१ मा रहेको 'जोंग' गुफा । लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसीनर्बु गुरुङकानुसार परापूर्वकालमा यस गुफामा मानवबस्ती थियो, त्यसैले प्राचीन मानव सभ्यता झल्काउने संकेत अहिले पनि देख्न सकिन्छ । उन भन्छन्, 'गुफाभित्र रहेका सामग्री र अग्रजको भनाइअनुसार दुई हजार वर्ष पहिले बस्ती विकास हुनुअघि यस गुफामा मानिस बसेका थिए । प्राचीन मानव सभ्यताको झल्को दिने यो गुफा पछिल्लो समय स्वदेशी तथा विदेशी पर्यटकका लागि आकर्षणको केन्द्र बनेको छ ।'

समुद्री सतहदेखि तीन हजार ७८५ मिटर उचाइमा अवस्थित जोंग गुफाका नामले चिनिने यस गुफालाई स्थानीयले 'सिजा जोंग' भन्दछन् । भूइँसहित छ तला रहेको यस गुफामा करिब ५० वटा कोठा छन् । हरेक तलाको बीच भागमा बाटो र दायाँबायाँ कोठा छन् । एउटा तलादेखि अर्को तलामा उक्लने झऱ्याङ छ ।

गुफाका हेरालु छिरिङ गुरुङले पर्यटकीय याममा दैनिक ५० जनाभन्दा बढीले गुफा अवलोकन गर्ने गरेको बताए । असोज, कात्तिक, चैत, वैशाख र जेठ महिनामा यहाँ पर्यटकको चहलपहल हुन्छ । 'यो गुफामा कहिले मानिस बसे भन्ने आधिकारिक तथ्य र प्रमाण हामीसँग छैन,' उनले भने, 'परापूर्वकालमा दुस्मनबाट बच्नका लागि पनि एकैठाउँमा गाउँभरिका सबै परिवार बस्नका लागि यो गुफा प्रयोग गरेको बाबु बाजेले सुनाउनुहुन्थ्यो ।'

किंवदन्तीअनुसार परापूर्वकालमा तिब्बती समूहले छोसेरमा आक्रमण गर्दा त्यहाँका बासिन्दा गुफामा गएर लुकेर बसेका थिए । आक्रमणकारी समूहले पानीको मुहान थुनिदिए छन् तर गाउँलेले विवेक प्रयोग गरी सो समूहलाई त्यहाँबाट लखेटेपछि त्यसको प्रतिकारमा आतंककारी समूहले गुफाभरि तेल पोखिदिएको थियो । त्यसै कारण अचेल पनि गुफाभित्रको भागमा तेल पोखिएजस्तो देखिन्छ ।

गाउँलेले आतंककारी समूहलाई भगाएपछि त्यसको सुरक्षाका लागि चट्टानमा स-साना गुफा बनाई त्यसैमा लुकेर सुरक्षा दिन थालेका र त्यसको अवशेष अहिलेसम्म पनि रहेको भन्ने गरिएको स्थानीय सोनु टसीले बताए । मुस्ताङमा रहेका अन्य गुफाभन्दा सिंजा जोंग ठूलो र फरक पहिचान भएको गुफा मानिने गरेको उनको भनाइ छ ।

यहाँस्थित व्यवस्थापन समितिले गुफासहित निफु र गर्फु गुम्बाको अवलोकनका लागि विदेशी पर्यटकसँग एक हजार रूपैयाँ तथा स्वदेशी पर्यटकसँग १०० रूपैयाँ शुल्क लिने गरेको छ । गुफामा रहेका सामग्रीलाई संरक्षण गरेर राखिएका छन् ।

तनहुँको शुक्लागण्डकी नगरपालिकाको दुलैगौडाबाट आएका सन्देश भट्टराईले गुफा अवलोकन गर्दा ढुंगे युगको जस्तो कल्पना भएको प्रतिक्रिया दिए । 'बाहिरबाट हेर्दा सामान्य लागे पनि भित्र पस्दा अनौठो र आश्चार्य लाग्यो,' उनले भने, 'परापूर्वकालमा मानिसको बसाइँ कस्तो थियो भन्ने झल्को यो गुफाले दिन्छ ।'

लोमान्थाङ गाउँपालिकाले यहाँ आउने पर्यटकको सहजताका लागि अत्यावश्यक पूर्वाधार बनाएको छ । गुफा परिसरमा सार्वजनिक शौचालय र प्रतीक्षालय भवन निर्माण गरेको अध्यक्ष टसीनर्बु गुरुङले बताए । 'जोंग गुफाको संरक्षण र आम्दानीलाई व्यवस्थित गरी सोही ठाउँको प्रवर्द्धनमा परिचालन गर्न स्थानीयसँग छलफल भए पनि निष्कर्षमा पुग्न सकिएको छैन,' उनले भने, 'जमिनदेखि पहाडको भित्तामा रहेका गुफामा पुग्ने पक्की र तला उक्लने काठको भऱ्याङ पनि गाउँपालिकाले नै बनाएको छ ।'

बेनी-जोमसोम-कोरला सडकको लोमन्थाङ नेचुङ खण्डदेखि जोंग गुफाको परिसरसम्म गाडीमा पुग्न सकिन्छ । चीन र नेपालको सिमानामा रहेको कोराला नाका जाने अधिकांश पर्यटकले यो गुफा अवलोकन गर्छन् । यसरी अवलोकनका लागि आउनेहरूले यहाँ राखिएको पुस्तिकामा अवलोकनपश्चात् अर्कै संसारमा पुगेको अनुभूति हुने गरेको विचार व्यक्त गरेका छन् । कतिपयले 'आश्चर्यजनक प्राकृतिक सम्पदा' भनेर आफ्ना विचार व्यक्त गरेका छन् । यस गुफाबारे अनुसन्धान गरी ऐतिहासिक महत्त्व र तथ्यको पहिचान तथा तिनको संरक्षण गरिनुपर्ने स्थानीयको माग छ । यसो गर्न सकेमा आन्तरिक तथा बाह्य पर्यटक भित्र्याएर आम्दानीमासमेत हुने सम्भावना छ । हाल भइरहेको आम्दानीलाई पनि गाउँपालिकाले संकलन र परिचालन गरी सोहीअनुसार गुफाको संरक्षण, विकास र प्रवर्द्धनमा लाग्नुपर्नेमा धेरैको जोड छ । *रासस*


## कुवेतमा रोजगार

कम्पनी : HIGH QUALITY CO.FOR AUTO MAINTENANCE & REPAIR
शहर : Area Shuwaikh Indl.

पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | LT. No. 311049 | चलानी नं.६०२२५५४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Vehicle Mechanic | 6 | 0 | 160 | ६०,६८० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Wiring Electrical Technician | 5 | 0 | 160 | ३०,३४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ११ गते (27th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

National Exports Manpower Consultant Pvt. Ltd.
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4478786, E-mail : nationalexportsmc@gmail.com

## युएईमा रोजगार

कम्पनी : DHCN CONSTRUCTION L.L.C
शहर : Dubai

पूर्व स्वीकृति मिति : २०८१/०५/१७ | LT. No. 309925 | चलानी नं.६०२२४५७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 25 | 0 | 1200 | ४३,९३० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Construction Labours | 25 | 0 | 1000 | ३६,६१० | | | | | | | |
| 3 | Mason (Nepal) | 25 | 0 | 1200 | ४३,९३० | | | | | | | |
| 4 | Steal Fixer | 25 | 0 | 1200 | ४३,९३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २५ गते (10th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1200/073/74
APEX H.R. CONSULTANCY PVT. LTD.(FUTURE SKILLS H.R. CONSULTANCY PVT.LTD.)
Sinamangal-9, Kathmandu, Nepal, Tel.: +977-1-5920245, 5920245
E-mail: info@apexhr.com.np, Website: www.apexhr.com.np

## साउदीमा रोजगार

कम्पनी : Khaled Bin Shaeel Bin Sael Al Mutairi Trading Establishment
शहर : Riyadh

पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | LT. No. 310917 | चलानी नं.६०२२५५५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter/Kitchen Helper | 5 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Shop GILSE WARD For Trading

पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | LT. No. 310920 | चलानी नं.६०२२५५५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laundry Attendant / Florist | 1 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Saeed Mohammed Khalaf Khurais Trading Establishment

पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | LT. No. 310921 | चलानी नं.६०२२५५५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load And Unload Labour | 25 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Company Vera Commercial

पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | LT. No. 310923 | चलानी नं.६०२२५५५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tea & Coffee Maker | 1 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Establishment MAJID MOHAMED DHAFFER AL-SHEHRI For Cars services

पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | LT. No. 310918 | चलानी नं.६०२२५५५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter/Kitchen Helper | 1 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ११ गते (27th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1278/074/75
GULF ASIA MANPOWER PVT.LTD.
Battisputali, Gausala-9, Kathmandu, Nepal, Hotline: +977- 9802340340, 9802340341
E-mail : info@gulfasia.com.np, Web: www.gulfasia.com.np, Damak Branch: 9801615255


## Kalika Municipality
## Office Of Municipal Executive

Redcrossgram, Chitwan

## INVITATION FOR BIDS

**Contract Identification No: 07/Works/NCB/KM/081/082**

**First date of publication: - 2081-06-04 (20th September, 2024)**

1. Kalika Municipality, Office of Municipal Executive, Redcrossgram, Chitwan invites electronic bids from eligible bidders for the Construction of road **"Siddhi Tin Dhovan Dekhi Ward No 11 Ko Karyalaya Pahunch Sadak Nirman"** under National Competitive Bidding - procedures, mentioned in the table below.

| S. N. | Contract No. | Description of Work | Key Qualifications | Bid Validity/Bid Bond Validity Period | Bid Security Amount (NRs.) | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | 07/Works/ NCB/ KM/081/082 | Siddhi Tin Dhovan Dekhi Ward No 11 Ko Karyalaya Pahunch Sadak Nirman | • Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: **NRs 5,60,00,000/-**<br>• Minimum Work experience of similar size and nature: One Contracts & value of the project not less than **NRs 1,50,00,000/-** | 120 days from the date of Bid opening. **(Up to 2081-11-06 (18th February, 2025)** | **10,00,000.00** | **5,000.00** |

**Account details for purchasing bidding document and bid security deposit**

Name of the Bank: Global IME Bank Ltd., Kholesimal Branch, Chitwan.

Name of Office: Kalika Municipality, Office of Municipal Executive, Chitwan.

Office Account no.:11304010000013 (For Purchase Bidding Document), A/C Name: Rajaswa (Revene) Account, **राजस्व शिर्षक नं: १४२१९**

Office Account no.:11304010000004 (For Bid Security deposit), A/C Name: Ga 3 Dharauti Khata

Last Date of Bids Submission Date: Before 12 PM on 2081-7-05 (21st October, 2024)

Bids Opening Date: At 13:00 PM on 2081-7-05 (21st October, 2024)

Location: Kalika Municipality Office of Municipal Executive, Redcrossgram, Chitwan.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Kalika Municipality, Office of Municipal Executive during office hours or may visit PPMO's e-GP system **www.bolpatra.gov.np/egp.**

**Chief Administrative Officer**

# प्रभाव दैनिक

शुक्रबार, ०४ असोज २०८१ (Friday, September 20, 2024)





### रहेनन् हिमेश रेशमियाका पिता

बलिउडका चर्चित सङ्गीत निर्देशक विपिन रेशमियाको निधन भएको छ । ८७ वर्षको उमेरमा विपिनको मृत्यु भएको हो । गएको केही समयदेखि उनलाई मुम्बईस्थित कोकिलाबेन धीरुभाई अम्बानी अस्पतालमा भर्ना गरिएको थियो । यसैबिच सेप्टेम्बर १८ को साँझ ६:३० बजे उनको मृत्यु भएको बताइएको छ । विपिन सङ्गीतकार हिमेश रेशमियाका पिता थिए । उनी बुढ्यौलीसँग सम्बन्धित समस्या र रोगसँग जुझिरहेका थिए । उनी अस्पतालमा कहिलेदेखि भर्ना भएर बसेका थिए भन्ने जानकारी आएको छैन । विपिनको अन्त्येष्टि सेप्टेम्बर १९ मा जुहूमा गरिने बताइएको छ । बिहीबार नै उनको पार्थिव शरीरलाई घर ल्याइएको थियो ।



# काठमाडौंमा 'दोस्रो राष्ट्रिय चलचित्र कन्फरेन्स' आजदेखि

■ प्रभाव संवाददाता

**काठमाडौं–** मानव अधिकार चलचित्र केन्द्रको आयोजनामा दुई दिने दोस्रो राष्ट्रिय चलचित्र कन्फरेन्स आयोजना हुने भएको छ। असोज ४ र ५ गते ( शुक्रबार र शनिबार) राष्ट्रिय समाचार समिति (रासस)को सभाहल भद्रकालीमा हुने कन्फरेन्समा ८ वटा कार्यपत्र प्रस्तुति, दुईवटा प्यानल छलफल, एउटा किनोट स्पिच र अनुभव सेयरिङ हुनेछ ।

नेपालमा चलचित्र क्षेत्रको समग्र विकासका लागि कन्फरेन्स र चलचित्र महोत्सव एक महत्त्वपूर्ण माध्यम बन्न सक्छ । चलचित्र क्षेत्र आमरूपमा सूचनाको स्रोत मात्र नभएर यसले संस्कृति, रीतिरिवाज, मौलिक मुल्य मान्यता र पहिचानलाई नेपाली दर्शकमा मात्र नभएर अन्तर ाष्ट्रिय क्षेत्रमा स्थापित गर्न समेत मद्दत गर्छ ।

चलचित्रलाई लिएर वौद्धिकतहमा अझै सशक्तढंगले प्राज्ञिक बहस, छलफल तथा अन्तर्क्रिया हुन सकिरहेको छैन । यस सन्दर्भमा वौद्धिक तह खासगरी अनुसन्धानकर्ता, पत्रकार, स्कुल, राजनीतिज्ञ, अभियन्ता, चलचित्रकर्मीहरूको बीचमा निरन्तर रूपमा प्राज्ञिक बहस हुनु जरुरी छ । कतिपय विदेशी देशहरूले आफ्नो देशको चलचित्र क्षेत्रलाई अन्तर्राष्ट्रिय जगतमा आफ्नो देशको संस्कृति र कलालाई पुर्‍याइरहेका छन् ।




चलचित्र क्षेत्र कार्यरत विभिन्न सरकारी तथा अन्य संस्थाको सहकार्यमा हुने कन्फरेन्समा निर्जला अधिकारी, एलिना छन्त्याल, अनुप सुवेदी, अरुणदेव जोशी लगाएको प्यानल डिस्कस रहेको छ ।

कार्यक्रममा नवनिधि दाहालको 'पाठ्यक्रम अवलोकनः त्रिविको विएइन फिल्म स्टडिज', डब्बु क्षेत्रीको 'नेपालमा चलचित्र पत्रकारिता विगत देखि वर्तमानसम्म' र मनोज पण्डितको 'पटकथाको दार्शनिक आयाम' कार्यपत्रहरू प्रस्तुत हुनेछन् ।

सोही अवसरमा फिल्म निर्देशक दिपेन्द्र गौचन, तुलसी घिमिरेको अनुभव सुन्न सकिनेछ । दुई दिनसम्म चल्ने कन्फरेन्समा नेपाली चलचित्रकर्मी, प्राज्ञिक, अध्येता, पत्रकार तथा अन्य गरी ५०० जना भन्दा बढीको सहभागिता रहने कन्फरेन्सका संयोजक डा. सचिन घिमिरे बताए ।

# छक्का पञ्जा–५ को 'ब्रेकअप' सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी असोज २४ गते फूलपातीदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'छक्का पञ्जा ५'को दोस्रो गीत 'ब्रेकअप' बुधबार सार्वजनिक गरिएको छ ।

गीतमा बाबुल गिरीको गायन, संगीत र शब्द रचना छ । गीतमा फिल्मका कलाकारहरू दीपकराज गिरी, केदार घिमिरे, दीपाश्री निरौला, वर्षा सिवाकोटी, मेक्सम गौडेल, सुरवीर पण्डित लगायतलाई प्रस्तुत गरिएको छ ।

दीपाश्री निरौलाको निर्देशनमा तयार भएको फिल्ममा आर्यन सिग्देल, निर्मल शर्मा, तेज गिरी आदिको पनि अभिनय रहेको छ । हरि हुमागाइँको डिओपी तथा उत्तम हुमागाइँको छायांकन रहेको फिल्ममा दीपकराज स्वयंको पटकथा लेखन छ भने कथा र संवादमा उनलाई केदार घिमिरे र दीलिप तामाङले सघाएका छन् । फिल्ममा रोशन श्रेष्ठको द्वन्द्व निर्देशन तथा विपिन मल्लको सम्पादन छ ।

'छक्का पञ्जा'को अघिल्ला चार सिरिज सुपरहिट भएका थिए । पाँचौं सिरिज भने दुई नेपाली फिल्म '१२ गाउँ' र 'ज्वाइँ साब' सँगै रिलिज हुन लागेको छ ।

# फिल्म 'बेहुली फ्रम मेघौली' को ट्रेलर सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** असोज १७ गते (घटस्थापना) देखि प्रदर्शनको तयारीमा रहेको फिल्म 'बेहुली फ्रम मेघौली'को ट्रेलर सार्वजनिक गरिएको छ । बिहीबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक ट्रेलरबाट फिल्मको कथावस्तु बुझ्न सकिन्छ ।

साजन काफ्ले र आकाश बरालको लेखन तथा निर्देशनमा बनेको फिल्ममा निश्चल र स्वस्तिमासहित विजय बराल, सिरु बिष्ट, सिम्रन खड्का, आमिर गौतम, बसुन्धरा भुषाल, लोकेन्द्र लेखक, रक्षा थापा, शिशिर सिवाकोटी, टीका पहारी, लुनिभा तुलाधर लगायतको अभिनय छ । स्वस्तिमा र निश्चल दम्पतीको निर्माणमा बनेको फिल्मको कार्यकारी निर्माता भने फिरोज खड्का र शंकर पाण्डे रहेका छन् ।



विजय बराल कास्टिङ डिरेक्टर रहेको फिल्ममा नरेन्द्र मैनालीको छायांकन, प्रदीप लामा र केवीका खत्रीको नृत्य निर्देशन, जयन जे वाइवा र कुशल पोखरेलको संगीत तथा निमेष श्रेष्ठको सम्पादन छ। फिल्मको यसअघि तीनवटा गीत सार्वजनिक भइसकेका छन् ।

# सुरु भयो 'होस्टेल ३' को छायांकन

■ प्रभाव संवाददाता

**काठमाडौं–** व्यावसायिक रूपमा सफल फिल्म 'होस्टेल' को तेस्रो संस्करणको ललितपुरको कार्यविनायक मन्दिरमा पूजा गर्दै छायांकन सुरु गरिएको छ ।

फिल्मका मुख्य कलाकार पारस बम र सिम्रन पन्तले मुहूर्त सट दिएका थिए । काठमाडौंको बोडेबाट थालिएको छायांकनको पहिलो चरण २५ दिनको रहने र तिहारलगत्तै पुनः छायांकन थालिने निर्देशक सशान कँडेलले बताए ।

'होस्टेल ३' मा 'कुल ब्वाय' का नामले चिनिएका टिकटकर पारस र सिम्रनसहित रिहान गिरी, आशिष घिमिरे, पदम तामाङ, हेना नगरकोटी, उमर खान, समा पराजुली, सन्तोष




बानियाँलगायतका कलाकार रहेका छन् । फिल्ममा अभिनेता आर्यन सिग्देल होस्टेल वार्डेनका रूपमा अतिथि भूमिकामा तथा 'पुजार सार्की' फेम अभिनेत्री परीक्षा लिम्बू पनि विशेष भूमिकामा हुने बताइएको छ ।

पहिलो फिल्म 'होस्टेल' बाट अनमोल केसी, सलोन बस्नेत र प्रकृति श्रेष्ठ अभिनय क्षेत्रमा प्रवेश गरेका थिए भने यसको दोस्रो शृंखला 'होस्टेल रिटनर्स' बाट स्वस्तिमा खड्का, सुशील श्रेष्ठ, नजिर हुसेन र सुशील सिटौलाले डेब्यु गरेका थिए । फागुन १६ लाई प्रदर्शन मिति तोकेर छायांकन थालेको 'होस्टेल ३' लाई माधव शर्माले लेखेका हुन् ।

अर्जुन तिवारीको सिनेमाटोग्राफी रहने फिल्मलाई कर्ण कार्की र गोविन्द अधिकारीले निर्माण गर्न लागेका हुन् ।

## रंगशाला

# विद्यालयस्तरीय पौडी प्रतियोगितामा स्वस्तिश्री उत्कृष्ट



■ प्रभाव संवाददाता

**काठमाडौं–** स्वस्तिश्री गुरुकुल स्कुलले तेस्रो संस्करणको विद्यालयस्तरीय पौडी प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेको छ ।

टुसाल मल्टी भेन्यूद्वारा आयोजित बुधबार सम्पन्न प्रतियोगितामा स्वस्तिश्री गुरुकुल स्कुलले सिनियर ब्वाइज, जुनियर गर्ल्स र जुनियर ब्वाइजमा स्वर्ण र सिनियर ब्वाइजमा थप एक कास्यसहित उत्कृष्ट प्रदर्शन गर्न सफल भएको हो ।

तार्केश्वर नगरपालिका–८ स्थित टुसाल मल्टिभेन्युको स्विमिङ पुलमा २५ मिटर फ्री स्टाइलमा खेलाइएको उक्त प्रतियोगितामा सिनियर ब्वाइजतर्फ स्वस्तिश्री गुरुकुलका आलज रञ्जितले निर्धारित दुरी १५.०६ सेकेन्डमा पूरा गर्दै स्वर्ण पदक जित्न सफल भए । सोही विधामा ओमेगा इन्टरनेशनलका एरिक कर्माचार्य दोस्रो र स्वस्तिश्रीका कृतज्ञ कोजु तेस्रो भए ।

सोही विधाको गर्ल्सतर्फ राजश्री गुरुकुलकी दिव्यानी श्रेष्ठ स्वर्ण पदक चुम्न सफल भइन् । उनले निर्धारित दुरी १८.०६ सेकेन्डमा पुरा गर्दै पहिलो भइन् । उक्त विधामा संस्कृत इन्टरनेशनलकी प्रिन्सा कार्की दोस्रो र सेन्ट मेरिजकी युत्सा श्रेष्ठले तेस्रो स्थानमा चित्त बुझाउनु पर्‍यो ।

प्रतियोगिताको जुनियर ब्वाइजमा पनि स्वस्तीश्री गुरुकुलका आर्थव महर्जन १६.३९ सेकेन्डमा निर्धारित दुरी पार गर्दै स्वर्ण पदक जित्न सफल भए । जुनियर ब्वाइजमा समृद्धि स्कुलका दिव्यांशु प्रजापति दोस्रो र पिनाकल स्कोलर्स स्कुलका रियाज अधिकारी तेस्रो भए ।

यता जुनियर गर्ल्समा पनि स्वस्तीश्री गुरुकुलकी एजला रञ्जित स्वर्ण पदक जित्न सफल भइन् । उनले निर्धारित दुरी १७.०५ सेकेन्डमा पुरा गरिन् । उक्त स्पर्धामा सेन्ट मेरिजकी श्रेयशी श्रेष्ठ दोस्रो र मल्पी सिटिकी साध्वी थापा तेस्रो भइन् ।

प्रतियोगिताका विजेता खेलाडीहरूलाई टुसाल मल्टिभेन्यू प्रालीका एमडी दिपेन्द्र थापाले मेडल ट्रफी र सम्मान पत्र दिएर पुरस्कृत गरे । एक दिने प्रतियोगितामा ४० विद्यालयका ६३ ब्वाइज र २८ गर्ल्सगरी जम्मा ९१ जनाले प्रतिस्पर्धा गरेका थिए ।

# फिफा वरीयतामा नेपाल एक स्थान तल झर्‍यो

■ प्रभाव संवाददाता

**काठमाडौं –** फिफाको पछिल्लो वरीयतामा नेपाल एक स्थान तल झरेको छ । फिफाले बिहीबार सार्बजनिक गरेको नयाँ वरियतामा नेपाल १७६औं स्थानमा झरेको हो । यसअघि नेपाल १७५औं स्थानमा थियो ।

दक्षिण एसियाको शीर्ष स्थानमा रहेको भारत दुई स्थान तल झर्दै १२६औं स्थानमा पुगेको छ भने दोस्रो स्थानमा रहेको माल्दिभ्स १६३औं स्थानमा छ । त्यसैगरी दुई स्थान तल झर्दै भुटान १८४औं स्थानमा छ भने दुई स्थान तल झरेर बंगलादेश १८६औं स्थानमा पुगेको छ । त्यसै गरि पाकिस्तान १९७औं स्थानमा र पाँच स्थान सुधार गर्दै श्रीलंका २००औं स्थानमा छ ।

फिफा वरीयताको शीर्ष स्थानमा भने अर्जेन्टिना कायमै रहेको छ । फिफा वरियताको शिर्ष १० स्थानमा कुनै परिवर्तन भएको छैन । जसमा दोस्रोमा फ्रान्स, तेस्रोमा स्पेन, चौथोमा ईङल्याण्ड, पाँचौंमा ब्राजिल, छैटौंमा बेल्जियम, सातौंमा नेदरल्याण्डस, आठौंमा पोर्चुगल, नवौंमा कोलोम्बिया र दशौंमा इटाली रहेका छन् । एशियाबाट जापानले २ स्थान सुधार गर्दै १६औं स्थानमा उक्लिएको छ ।

# रुब्रेश्री, अग्रता, निहाना र एन्जल विजयी

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्याट्रिओटिक पन चेस च्याम्पियनसिपको गर्ल्समा रुब्रेश्री चौलागाईं, अग्रता आचार्य, निहाना श्रेष्ठ र एन्जल महर्जन च्याम्पियन बनेका छन् ।

संविधान दिवसको उपलक्ष्यमा हिमालयन चेस एकेडेमीले बिहीबार आयोजना गरेको प्रतियोगितामा उनीहरूले विभिन्न विधामा उपाधि जितेका हुन् । प्रतियोगितामा यु-७, यु-९, यु-११ र यु-१३ विधामा ४९ बोइज र गर्ल्स खेलाडीले सहभागिता जनाएका थिए ।

यु-७ गर्ल्सतर्फ रुब्रेश्री विजयी भइन् । यस्तै, आहाना शाहले दोस्रो र शुभानी पण्डितले तेस्रो स्थानमा हात पारिन् । गर्ल्स यु-९ अग्रता आचार्यले प्रभावशाली पाँच अंकका साथ आफ्नो वर्चस्व कायम गरिन् । अमिषा कोइराला चार अंकका साथ दोस्रो स्थानमा चित्त बुझाउँदा प्रियंशा प्रधान तीन अंकसहित शीर्ष तीनमा रहिन् । यु-११ मा निहाना दुई अंकसहित विजेता बन्दा नयुमा मगर र डोमा तामाङले क्रमशः दोस्रो र तेस्रो स्थान हात पारिन् । यु-१३ मा एन्जल महर्जनले उपाधि जितिन् भने क्रिष्टि रिजाल उपविजेता सीमित भइन् ।

बोइजको यू-७ विधामा रातो बंगला स्कुलकी शुभाङ्ग प्रधान र साङ्गिला पब्लिक स्कुलका सयश बस्नेत दुवैले साढे चार अंक जोडेका थिए । तर, टाइब्रेकर शुभांगा विजयी हुन सफल भए । अवन महर्जन तीन अंकसहित तेस्रो भए । यू-९ तर्फ प्रकृति बाटिका स्कुलका शौमिल चित्रकारले चार अंकका साथ अग्रता बनाएका थिए । एल्विक अधिकारीले चार अंक बनाए पनि टाइब्रेकको आधारमा दोस्रो स्थानमा रहे । उत्कृर्ष गिरी साढे तीन अंकका साथ तेस्रो भए ।

प्रसित खनालले पाँच अंकका साथ यु-११ मा उत्कृष्ट प्रदर्शन गरे । सात्विकमान तुलाधर चार अंकका साथ दोस्रो स्थानमा रहे भने लियोन महर्जनले पनि ४ अंक जोडेर तेस्रो स्थानमा हासिल गर्न सफल भए ।

यु-१३ मा प्रविर केसी विजय भए । उनले साढे चार अंक जोडे । निश्चल रिमाल र तपस तामाङ दुवैले साढे तीन अंक जोडेका थिए । तर, निश्चलले टाइब्रेकबाट दोस्रो स्थान हासिल गरे ।

प्रत्येक विधाका उत्कृष्ट तीन विजेतालाई प्रमुख अतिथि अल एन्जलस नेपालकी अध्यक्ष अमिषा श्रेष्ठ र हिमालयन चेस एकेडेमी थापाथलीकी संस्थापक मोनालिशा खम्बूले मेडल, प्रमाणपत्र र ट्रफी प्रदान गरेका थिए ।

# श्रीलंकामा आर्थिक मन्दीपछि पहिलोपटक शनिबार मतदान हुँदै

**कोलम्बो–** श्रीलंका आर्थिक संकटमाथिको सावधानीपूर्ण अवतरणपछि श्रीलंकामा शनिबार मतदान हुन लागेको छ । राष्ट्रपति रनिल विक्रमासिंघेले अर्थतन्त्रलाई स्थिर बनाउन र महिनौंसम्मको खाद्यान्न, इन्धन र औषधिको अभावको अन्त्य गर्ने श्रेय दाबी गर्दै नयाँ जनादेशका लागि निर्वाचनको घोषणा गरेका हुन् ।

सन् २०२२ मा मन्दीका कारण आक्रान्त बनेका नागरिकले तत्कालीन निर्वाचित राष्ट्रपतिविरूद्ध आन्दोलित भएपछि देश छोडेर भागेका थिए भने विक्रमासिंघेले संकटका समय देशलाई नेतृत्व गरेर थलिएको अर्थतन्त्रलाई सम्हाल्दै झण्डै संकटग्रस्त हुनुपहिलेको अवस्थामा पुऱ्याएका छन् ।

निर्वाचनमा आफूलाई मतदान गर्न आह्वान गर्दै प्रचारको अन्तिम समयमा विक्रमासिंघेले भने, 'सबै आशा हराएको पहिलेको समयलाई सोच्नुहोस् र कसलाई मतदान गर्ने फैसला गर्नुहोस् । हामीले सत्ता सम्हाल्दा खाना, ग्यास, औषधि पाउनसक्ने कुनै आशा थिएन ।' उनले भने, 'अब तपाईंसँग विकल्प छ । तपाईं आतंकको अवधिमा फर्कन चाहनुहुन्छ कि प्रगति गर्न चाहनुहुन्छ भन्ने निर्णय गर्नुहोस् ।'

विक्रमासिंघेको कर वृद्धि गर्ने र राज्यले नागरिकका लागि दिएका अन्य सुविधाहरूलाई कसिलो पार्दै दातृ निकाय र यसमा पनि खासगरी आइएमएफको बेलआउटको सर्तहरू पूरा गर्दा नागरिकहरू उनीसँग खुसी छन् वा छैनन् यो निर्वाचनले निर्णय दिने छ । उनी संकटका समय नेतृत्व गरेको र देशलाई थप वर्बादीतिर जानबाट रोक्न सकेकोले आफू विजयी हुनेमा आशावादी छन् ।

विज्ञहरूका अनुसार श्रीलंकाको अर्थतन्त्र अझै पनि कमजोर छ । यहाँको ४६ अर्ब विदेशी ऋणको भुक्तानीको समय सन् २०२२ पछि सरकारी प्रतिबद्धताअनुसार फेरि आएको छ । विक्रमासिंघेले निर्वाचित भएमा आफ्नो तपस्याबाट आएको कार्यक्रमलाई अगाडि बढाउने र आइएमएफसँगको सहकार्यमा कुनै विचलनतिर जान नदिने बताएका छन् । 'निर्वाचन धेरै हदसम्म विक्रमासिंघेको खसरकारले कसरी आर्थिक संकट र आगामी सुधारलाई हयान्डल गरेको छ भन्नेमा जनमत संग्रह हुने छ,' अन्तर्राष्ट्रिय संकट समूहको यस हप्ताको एक रिपोर्टमा भनिएको छ । *रासस/एएफपी*

## 'एमपक्स महामारीको सामना गर्न विश्व तयार'

**जेनेभा–** कोभिड महामारीबाट सिकेका पाठहरूले अफ्रिकामा हाल फैलिरहेको एमपक्स महामारीको सामना गर्न विश्वलाई तयार पारेको 'गाभी' खोप सञ्जालले जनाएको छ । 'कोभिड संक्रमणले महत्त्वपूर्ण शिक्षा सिकायो र ती शिक्षा अहिले काम लागिरहेका छन्,' गाभीकी प्रमुख सानिया निश्तारले भने ।

'कोभिड महामारी फैलिएको समयका ती सिकाइ विशेष उपकरणमा परिणत भए जुन अहिले प्रयोगमा आउँदै छन्,' पाकिस्तानका पूर्वस्वास्थ्यमन्त्रीले यस हप्ता बताए । सन् २०२० को सुरुमा फैलिएको कोभिडले विश्वव्यापी स्वास्थ्य संकटको सामना गर्न अन्तर्राष्ट्रिय समुदाय पूर्णरूपमा तयार नभएको कुरा प्रकट गऱ्यो । यसले विश्वव्यापी खोप असमानतामा पनि प्रकाश पारेको थियो । देशहरू अझै पनि स्वास्थ्य संकटकालको समयमा तयारी सुनिश्चित गर्ने नयाँ महामारी सन्धिमा सहमत हुन संघर्ष गरिरहेका छन् । तर गरिब देशमा खोपको पहुँच बढाउन काम गर्ने गाभी आपत्कालीन अवस्थालाई सम्बोधन गर्न विश्वव्यापी सम्झौताको पर्खाइमा नरहेको निश्तारले बताए ।

गाभीले गत जुनमा स्वास्थ्य आपत्कालीन समयमा खोपका लागि आवश्यक रकम द्रुतरूपमा उपलब्ध गराउन ५०० डलर मिलियनको 'प्रारम्भिक प्रतिक्रिया कोष' स्थापना गरेको थियो । गाभीले डेनमार्कको औषधि उत्पादन कम्पनी बवेरियन नर्डिकसँग महामारीबाट प्रभावित अफ्रिकी देशका लागि यसको एमभिए-बिएन एमपक्स खोपको पाँच लाख डोज खरिद गर्न सम्झौता गरेसँगै बुधबार कोषको रकम पहिलोपटक प्रयोग भएको घोषणा गरेको छ । 'हामीले खोप खरिद गर्न प्रारम्भिक प्रतिक्रिया कोषबाट पाँच करोड डलर खर्च गरेका छौं,' निश्तारले भने ।

पहिले मंकीपक्स भनेर परिचित एमपक्स जनावरद्वारा मानिसमा सर्ने भाइरसका कारण हुन्छ तर नजिकको शारीरिक सम्पर्कबाट पनि मानिसबाट मानिसमा सर्न सक्छ । यसले ज्वरो, मांसपेशी दुख्ने र छालामा ठूला फोकाजस्ता घाउ निम्त्याउँछ, र केही अवस्थामा घातक हुन सक्छ । विश्व स्वास्थ्य संगठनले गत महिना कंगोमा नयाँ क्लेड १बी भेरियन्टको संक्रमण तीव्र भएपछि एमपक्सलाई अन्तर ष्ट्रिय स्वास्थ्य आपत्काल घोषणा गरेको थियो ।

जनवरीदेखि अगस्टबीचमा कंगोमा लगभग २२ हजार एमपक्स संक्रमित फेला परेका थिए भने २०० भन्दा बढीको मृत्यु भएको थियो । 'अफ्रिका सेन्टर फर डिजिज कन्ट्रोल एण्ड प्रिभेन्सन'ले महाद्वीपलाई एमपक्स खोपको एक करोड डोज प्राप्त गर्न आह्वान गरेको छ । हालसम्म अफ्रिकामा ३.६ मिलियन खोप प्राप्त भएको छ ।

गाभीले गत जुनमा हैजा, इबोला, मेनिन्जाइटिस र पहेँलो ज्वरोविरुद्धको खोपको भण्डारणजस्तै सन् २०२६ देखि एमपक्स खोपको विश्वव्यापी भण्डार निर्माण गर्ने निर्णय गरेको थियो । विश्व स्वास्थ्य संगठनले अफ्रिकाका लागि खोप उत्पादन 'एक्सेलेरेटर' पनि सुरु गरेको छ । *रासस/एएफपी*


**युएईमा रोजगार**

**कम्पनी : AL JAZEERA INTERNATIONAL CATERING L.L.C**

पूर्व स्वीकृति मिति : २०८१/०१/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/03 | LT. No. 304240 | चलानी नं.६०२१९०२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 25 | 0 | 800 | २९,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : TERRA INTERNATIONAL CONSTRUCTION LLC**

पूर्व स्वीकृति मिति : २०८०/११/०९ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/03 | LT. No. 300234 | चलानी नं.६०२१५२६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 5 | 0 | 900 | ३२,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 5 | 0 | 900 | ३२,९७० | | | | | | | |
| 3 | Mason | 20 | 0 | 1200 | ३२,९७० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ११ गते (27th Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले — सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1284/074/75

**S.N. Recruiting Service Pvt Ltd**

Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884, E-mail : snrecruitingnepal@gmail.com



**युएईमा रोजगार**

**कम्पनी : M V N TECHNICAL SERVICES LLC**

पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | LT. No. 310996 | चलानी नं. ६०२२५५६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 4 | 0 | 1200 | ४४,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 2 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 3 | Mason | 8 | 0 | 1500 | ५५,००० | | | | | | | |
| 4 | Reinforce Fitter Assistant | 2 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 5 | Steel Fixer | 5 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 6 | Tile Layer | 2 | 0 | 1500 | ५५,००० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ११ गते (27th Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले — सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं.८०१/०६५/०६६

**SWIFT H.R. GROUP AND MANAGEMENT SERVICE PVT.LTD.**

Samakhusi-26, Town Planning, Kathmandu, Nepal Tel: +977-01-4985275
Mobile: +9779813894052, +9779845198993, E-mail : swifthrgroup@gmail.com



**साउदीमा रोजगार**

**कम्पनी : KHALED MUSTAFA ALI WASILI BEVERAGE ESTABLISHMENT**
**शहर : KSA**

पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | LT. No. 311074 | चलानी नं. ६०२२५५८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 2 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ११ गते (27th Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले — सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1638/080/81

**TESLA OVERSEAS PVT.LTD.**

Sinamangal 9, Kathmandu, Nepal, Tel: 01-5920966, 5920965
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np



**साउदीमा रोजगार**

**कम्पनी : Al Multaqa Apartments For Serviced**
**शहर : Nariya**

पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | LT. No. 310933 | चलानी नं. ६०२२५५८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hotel House Keeper | 1 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : Central Asian restaurant to provide meals**

पूर्व स्वीकृति मिति : २०८०/०६/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/03 | LT. No. 293483 | चलानी नं. ६०२०८६४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 2 | 0 | 1400 | ६०,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook | 3 | 0 | 1500 | ३०,३४० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ११ गते (27th Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले — सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १७२/०५६/५७

**WORKFORCE SERVICES PVT. LTD.**

Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np



**युएईमा रोजगार**

**कम्पनी : A L C CONTRACTING L.L.C**
**शहर : Maitha Ali Abdo Al Owais - Port S**

पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | LT. No. 310980 | चलानी नं.६०२२५५६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | 1500 | ५४,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 2 | 0 | 1500 | ५४,९५० | | | | | | | |
| 3 | Mason | 6 | 0 | 1500 | ५४,९५० | | | | | | | |
| 4 | Plumber | 1 | 0 | 1500 | ५४,९५० | | | | | | | |
| 5 | Steel Fixer | 2 | 0 | 1500 | ५४,९५० | | | | | | | |

**कम्पनी : SHARARA TECHNICAL SERVICES LLC**

पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | LT. No. 310979 | चलानी नं.६०२२५५६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | A/c Technician | 3 | 0 | 2000 | ७२,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 3 | 0 | 2000 | ७२,९८० | | | | | | | |
| 3 | Plumber | 3 | 0 | 2500 | ९१,२२५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ११ गते (27th Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले — सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.**

Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com


## Bheemdatt Municipality
### Office of Municipal Executive
### Kanchanpur

**Invitation for Bid**

*(Date of Publication: 2081/06/04)*

1. Bheemdatt Municipality, Office of the Municipal Executive, Mahendranagar, Kanchanpur invites electronic bids for following works .

| Contract Number | Description Procurement | Estimated Amount in NRs. (Excl.VAT & PS Items ) | Bid Security Amount ( NRs) | Bid Documents Fee (NRs) | Last Date of Bid Submission | Date of Bid Opening |
|---|---|---|---|---|---|---|
| 12/RUI/BTR NCB/TMPP I2081/082 | Road Upgrading work at Ward no.01 | NPR-30,92,546.09 | NPR-90,000.00 | 3,000.00 | 5th Kartik 2081, 12:00PM | 5th Kartik 2081, 13:00PM |
| 13/RTW/ NCB/TMPP I2081/082 | River Training work at Ward no. 10 | NPR-30,96,222.97 | NPR-90,000.00 | | | |

2. Eligible Bidders may obtain further information at Bheemdatt Municipality, Office of Municipal Executive, Mahendranagar, Kanchanpur (Tel- 099-521322,521167) or may visit PPMO's website, ***http://bolpatra.gov.np/egp.***

**Chief Administrative Officer**

**मधेश प्रदेश सरकार**
**वन तथा वातावण मन्त्रालय**
**प्रदेश वन निर्देशनालय**
## भू–तथा जलाधार व्यवस्थापन कार्यालय
**चन्द्रनिगाहपुर, रौतहट**

**सूची दर्ता गर्ने सम्बन्धी सूचना**

**(सूचना प्रकाशित मिति २०८१/०६/०४)**

यस कार्यालयमा आ.व. २०८१/०८२ को लागि आवश्यक पर्न सक्ने निम्नानुसारको सामान, निर्माण कार्य र सेवाहरु उपलब्ध गराउन ईच्छुक ईजाजत प्राप्त व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुबाट सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ बमोजिम मौजुदा सूची (STANDING LIST) दर्ता तथा अधावधिक गर्नको लागि यो सुचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र अधिकार प्राप्त व्यक्तिले रु. १० को टिकट टाँसी छुट्टाछुट्टै सेवा तथा कार्यको लागि रितपूर्वक आवेदन छुट्टाछुट्टै यस कार्यालयमा पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

**(क) सामान खरिद, उपकरण मर्मत तथा आपूर्ती कार्य:**

१. स्टेशनरी सामानहरु (मसलन्द तथा विविध) ।
२. छपाई सम्बन्धी
३. पत्रपत्रिका तथा पुस्तकहरु
४. फर्निचर तथा फिक्चर्स सम्बन्धी
५. सवारी साधन मर्मत (मोटर तथा मोटरसाईकल, ट्यांकर, ट्याक्टर) पार्टपुर्जा आपूर्ति समेत ।
६. विद्युत सम्बन्धी सामानहरु (पंखा, ए.सी. , हिटर, चिम, तार वायरिंग सम्बन्धी सामानहरु आदी) मर्मत तथा आपुर्ती समेत ।
७. विज्ञापन प्रकाशन सम्बन्धी कार्य ।
८. कम्प्यूटर सफ्टवेयर, वेभसाईट तथा एन्टिभाईरस ।
९. मिनरल वाटर, पानी जार र बोतलको पानी ।
१०. सरसफाई सम्बन्धी सामानहरु ।

**(ख) सार्वजनिक निर्माण तथा मर्मत संभार कार्य:**

१. भवन निर्माण तथा मर्मत सम्भार कार्य ।
२. अन्य निर्माण तथा मर्मत कार्य ।

**(ग) सेवा आपूर्ति तर्फ:**

१. ईलेक्ट्रोनिक्स उपकरणहरु (कम्प्यूटर, प्रिन्टर्स, फोटोकपी मेशीन, युपिएस, टेलिफोन सेट, आदी मर्मत तथा आपुर्ति समेत) ।
२. विभिन्न किसिमका डकुमेन्ट्री निर्माण ।

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु:**

१. फर्म दर्ता, व्यावसाय दर्ताको प्रतिलिपि नविकरण भएको ।
२. भ्याट र प्यान दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
३. आ.व. २०७९/०८० सम्मको करचुक्ता प्रमाणपत्र वा कर विवरण पेश गरेको प्रमाणको प्रमाणित प्रतिलिपि ।
४. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४० को उपनियम (२ङ) बमोजिमको घोषणापत्र ।

**शर्तहरु:**

१. आफ्नो फर्मले जुन कार्य गर्न वा सामान आपुर्ति गर्न वा सेवा दिने ईजाजत प्राप्त गरेको हो सोही कार्यको लागि मात्र सूची दर्ता गराउन सकिनेछ ।
२. म्याद नाघी आएका र आवश्यक कागजात संलग्न नभएका निवेदन उपर कुनै कारवाही हुने छैन ।
३. प्राप्त निवेदनलाई मौजुदा सूचीमा समावेश गर्ने वार नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित हुनेछ ।


## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञान्ज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फयाक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १५५६०० | प्रति तोला - - | प्रति तोला - १८८० |



**शैलुङ ग्रेटवाल**

**दोलखाको शैलुङ गाउँपालिकास्थित प्रसिद्ध पर्यटकीयस्थल शैलुङडाँडामा पुग्न सहजताका लागि निर्माण गरिएको ग्रेटवाल । यो ग्रेटवाल निर्माणपछि पर्यटकको संख्यामा उल्लेख वृद्धि भएको छ । कूल सम्झौता लागत चार करोड ९४ लाख १५ हजार रुपैयाँमा गत वर्ष निर्माण सम्पन्न भएको यो ग्रेटवाल ५०० मिटर लामो रहेको छ ।**

*तस्बिरः भीष्मराज ओझा/रासस*

# पर्यटन केन्द्रित अन्तर्राष्ट्रिय बलुन महोत्सव पोखरामा

■ प्रभाव संवाददाता



**काठमाडौं–** पर्यटन राजधानी पोखरामा नेपालमै पहिलो पटक अन्तर्राष्ट्रिय बलुन महोत्सव आयोजना हुने भएको छ । बलुन नेपाल प्रालिको आयोजनामा क्रिष्टमस र अङ्ग्रेजी नयाँ वर्षका अवसरमा आगामी पुस ९ गतेदेखि १६ गतेसम्म महोत्सव आयोजना गर्न लागिएको घोषणासभामार्फत् जानकारी दिइयो । महोत्सव पोखराको लौरुकदेखि चप्पुरको पामेसम्म तीन किलोमिटर क्षेत्रफलमा आयोजना हुनेछ । बलुन नेपाल प्रालिका अध्यक्ष विक्रम बाडेले महोत्सवको आवश्यक तयारी भइरहेको जानकारी दिए ।

उनका अनुसार नेपालमा पहिलो पटक आयोजना हुन लागेको यस महोत्सवमा नेपालसहित विश्वका करिब ३० वटाका व्यावसायिक बलुन कम्पनीको सहभागिता रहनेछ । पर्यटकीय नगरी पोखरा र समग्र नेपालको पर्यटन प्रवर्द्धन तथा अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार गर्ने उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको उनले बताए ।

'पर्यटन राजधानी पोखरामा साहसिक पर्यटनको विकास, थप आन्तरिक तथा विदेशी पर्यटकको सप्mया बढाउनका लागि महोत्सव आयोजना गर्न लागिएको हो, यसबाट पर्यटन क्षेत्र थप चलायमान हुने अपेक्षा गरिएको छ', अध्यक्ष बाडेले भने ।

महोत्सवका माध्यमबाट पोखराको पर्यटनमा नयाँ आयाम थपिने र यसले पर्यटकीय गतिविधि बढाउने आफूहरूले अपेक्षा गरेको उनले बताए । कोरोना महामारीपछि सुस्ताएको मुलुकको पर्यटनलाई चलायमान बनाउन र पोखरामा थप नयाँ आन्तरिक र विदेशी पर्यटक आकर्षित गर्न पनि फेस्टिभल प्रभावकारी हुनेमा उनले विश्वास व्यक्त गरे । कार्यक्रममा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखराको पर्यटन क्यालेनडरमा नयाँ कार्यक्रम थप भएकामा खुसी व्यक्त गर्दै महानगर कार्यक्रमको संरक्षक र प्रवर्द्धक रहने प्रतिबद्धता व्यक्त जनाए ।

नेपाल नागरिक उ•यन प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलले महोत्सव मुलुकको पर्यटन क्षेत्रको हितमा भएको उल्लेख गर्दै खुसी व्यक्त गरे । 'हवाई खेलकुदका गतिविधि अधिकांश पोखराबाटै सुरु भएका छन् । हामी जुनसुकै क्षेत्रमा आबद्ध भई काम गरे पनि ती सबै राष्ट्रिय हितमै छन् । तसर्थ पोखरामा आयोजना हुन लागेको महोत्सवले पनि नेपालको समग्र पर्यटन प्रवर्द्धन नै टेवा पुऱ्याउनेछ ।'

कम्पनीका निर्देशक बिबि ढकालले महोत्सवमार्फत पोखराको पर्यटनमा नयाँ आयाम थपिने बताए । 'प्राकृतिक स्रोत र साधनले धनी पोखरा पछिल्लो समय साहसिक पर्यटनका लागि पनि गन्तव्य बन्दै गइरहेको छ । यस सन्दर्भमा बलुन महोत्सव पोखरालाई साहसिक पर्यटकीय गन्तव्य बनाउने योजनामा थप सहयोगी हुनेमा हाम्रो विश्वास छ', उनले भने । महोत्सवबाट मुलुकको पर्यटन प्रवर्द्धन मात्रै नभई यसबाट नेपालको साहसिक पर्यटनका क्षेत्रको विकासमा थप टेवा पुग्ने र पोखरामा आउने आन्तरिक तथा विदेशी पर्यटकले नयाँ अनुभव गर्न पाउनेमा उनले विश्वास व्यक्त गरे ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत सविन महर्जनले महोत्सवको मुख्य उद्देश्य पर्यटन पुनरुत्थान भएको बताए । महोत्सवमार्फत उक्त क्षेत्रको आर्थिक विकास, सांस्कृतिक आदानप्रदानका साथै विभिन्न देशमा कूटनीतिक सम्बन्ध विस्तारसमेत हुने उनको भनाइ छ । 'महोत्सवमार्फत कोभिड महामारीपछि नेपालको पर्यटन क्षेत्रलाई पुनर्जीवन दिने लक्ष्य लिइएको छ र यसले पोखरामा रहेका होटल, रेस्टुरेन्टलगायतको व्यापार व्यवसायलाई आर्थिक रूपमा मद्दत पुऱ्याउने हाम्रो विश्वास छ । यसका साथै, महोत्सवले नेपालका संस्कृति र परम्परालाई अन्तर र्राष्ट्रियस्तरमा प्रवर्द्धन गर्नेछ', उनले भने ।

विश्वमा सन् १९७२ मा पहिलो पटक अमेरिकामा अबुक्वेक्यु इन्टरनेशन बलुन फियस्ता सुरु भएको थियो । प्रत्येक वर्ष न्यू मेक्सिकोमा आयोजना हुने यो महोत्सवमा करिब ५०० वटा हट एयर बलुनले उडान गर्छन् । उक्त महोत्सवमा विश्वभरबाट १० लाखभन्दा बढी पर्यटक उपस्थित हुन्छन् । त्यसबाहेक सन् १९७९ मा इङ्ल्याण्डको ब्रिस्टोलमा स्थापना भएको बलुन फेस्टिभलल पनि विश्वभर प्रख्यात छ । त्यसबाहेक जापानमा सागा इन्टरनेशनल बलुन फियस्ता, फ्रानसमा मोन्डायल एयर बलुन्स इभेन्ट, टर्कीमा क्यापाडोसिया इन्टरनेशनल बलुन फेस्टिभल विश्वका प्रमुख बलुन महोत्सवमा पर्छन् ।

आयोजकका अनुसार महोत्सवभर हरेक दिन बिहान, दिउँसो र बेलुकाको समयमा विभिन्न देशको प्रतिनिधित्व गर्दै व्यावसायिक पाइलटले हट एयर बेलुनको उडान गर्नेछन् । एक सातासम्म चल्ने महोत्सवमा करिब पाँच सय व्यावसायिक उडान हुनेछन् । जसमा करिब तीन हजार जनाले उडान भर्ने लक्ष्य लिइएको छ । महोत्सवमा करिब तीन सय वटा गैरव्यावसायिक उडान हुनेछन् ।

महोत्सवका अवसरमा पोखरामा मिनि बलुन सो पनि हुनेछ । उक्त अवधिभर ख्यातिप्राप्त विभिन्न राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुति पनि रहनेछ । महोत्सवमा एकै पटक धेरै बलुन उडान हुनेहुँदा त्यसको रौनक छुट्टै हुनेछ । सो अवसरमा नेपालका परम्परागत र मौलिक संस्कृति तथा विभिन्न देशबाट ल्याइने सांस्कृतिक प्रदर्शनी पनि गरिनेछ भने त्यसबाहेक महोत्सवमा विभिन्न स्वादिष्ट खानाका परिकारका साथै मनोरञ्जनात्मक पर्यटकीय गतिविधि पनि उपलब्ध हुनेछ । महोत्सव आयोजना गर्नका लागि छ करोड ८२ लाख ३० हजार रूपैयाँ खर्च हुने आयोजकको अनुमान छ ।

हट एयर बलुनमा सामान्यतयाः ४० मिनेटको लामो उडान हुन्छ । उडानका क्रममा अन्नपूर्ण, माछापुच्छ्रे र धौलागिरिलगायतका हिमशृङ्खलासहित पोखरा उपत्यकाको मनोरम दृश्य देख्न सकिन्छ । त्यसैगरी सूर्योदय र सूर्यास्तको मनोरम दृश्यका साथै, नाइट बलुन ग्लोज, प्रत्येक दिन २० मिनेट फायर वर्क्स, बलुसन रेस, कन्सर्ट, विभिन्न खेल, फूडकोर्ट, सांस्कृतिक नृत्य, डिजे म्युजिक तथा नाइट क्याम्पलगायतका मनोरञ्जनात्मक गतिविधि हेर्न पाइनेछ । घोषणसभामा पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहाडीले समग्र पोखरेली पर्यटन व्यवसायी महोत्सवलाई सफल बनाउन तयार रहेको बताए । त्यसअवसरमा प्यासिफिक एसिया ट्राभल एशोसिएसनका उपाध्यक्ष सुमन पाण्डे, राष्ट्रिय पर्यटन व्यवसायी सङ्घका अध्यक्ष राजेन्द्र सापकोटा, गण्डकी प्रदेशको प्रेस रजिष्ट्रार विमला भण्डारीलगायतले कार्यक्रमले पोखराको मात्र नभई समग्र नेपालकै साहसिक पर्यटनको प्रवर्द्धन अन्तर्राष्ट्रिय क्षेत्रमा हुनेमा विश्वास व्यक्त गरे ।

# १६ देशका निक्षेप तथा कर्जा सुरक्षण संस्थाको सम्मेलन नेपालमा

**काठमाडौं (प्रस)–** एसियाका विभिन्न १६ देशका निक्षेप तथा कर्जा सुरक्षण गर्ने निकायको भेला नेपालमा हुने भएको छ । शुक्रबारदेखि राजधानीमा सुरु हुने एसियाली देशका सुरक्षण संस्थाको सम्मेलन (एसिक कन्फ्रेन्स)मा ती देशका सरकारी निकाय सहभागी हुनेछन् । ३६औं एसिक सम्मेलन नेपालले ३० वर्षपछि गर्न लागेको हो ।

शुक्रबार निक्षेप तथा कर्जा सुरक्षण कोषको ५१औं वार्सिकोत्सव एवं एसिक सम्मेलनको एकैपटक उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले उद्घाटन गर्ने कार्यक्रम छ । सम्मेलन आगामी सोमबारसम्म सञ्चालन हुनेछ । सम्मेलन अवधिभर विभिन्न देशका निक्षेप तथा कर्जा सुरक्षण सुरक्षण निकायको आ-आफ्नो देशको अनुभवसहित यस क्षेत्रका सामयिक विषयमा सरोकारवालाबीच गहन छलफल हुने कोषका प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरेले जानकारी दिए । यसपटक सम्मेलनमा नवप्रवर्तनका विषयलाई प्राथमिकतामा राखिएको उनले बताए । 'आफ्नो नयाँ सोचलाई धितोमा राखेर कर्जा लिन सकिन्छ भन्ने सन्देश दिने कोषको प्रयास छ', उनले भने ।

सम्मेलनमा नेपालसहित, भारत, मलेसिया, इन्डोनेसिया, दक्षिण कोरिया, जापानसहित १६ लगायत मुलुकका सुरक्षण संस्थाको सहभागिता रहनेछ । सम्मेलनका छलफल सत्रलाई नेपालमा बहस गर्ने परम्परागत शैलीमा प्रदर्शन गर्ने कोषको तयारी छ ।

# जोमसोममा बसपार्क सञ्चालन

■ प्रभाव संवाददाता

**म्याग्दी–** अठार वर्षअघि सडक सञ्जालसँग जोडिएको मुस्ताङको सदरमुकाम जोमसोममा बसपार्क सञ्चालन भएको छ ।

विसं २०६३ चैतमा सडक सञ्जालसँग जोडिएको मुस्ताङको जोमसोममा निर्माण भएको बसपार्क सञ्चालनमा आएको हो । घरपझोङ गाउँपालिका-३ एक्लेभट्टी र वडा नं ४ जोमसोममा दुई वर्षअघि बसपार्क निर्माण भएको थियो । यातायात व्यवसायी र सर्वसाधारणले सडक छेउमा सवारीसाधन पार्किङ गर्दा जोमसोम बजार अस्तव्यस्त बन्नाका साथै दुर्घटनाको जोखिम बढेको थियो ।

घरपझोङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले बजारभित्रका यातायात कम्पनीका टिकट काउन्टर हटाएर लामो तथा छोटो दूरीका सवारीसाधन बसपार्कमा पार्किङ गराउन थालिएको जानकारी दिए ।

'पहिलो चरणमा सार्वजनिक यातायातका साधनहरू बसपार्कभित्र पार्किङ गराउने र छुटाउने व्यवस्था मिलाएका छौँ', अध्यक्ष लालचनले भने, 'बजारभित्र यात्रु चढाउने र ओराल्ने गरी निजी तथा पर्यटक सवारीसाधनलाई पनि अनिवार्य बसपार्कको प्रयोग गर्नुपर्ने नियम लागू गराएका छौँ ।'

गाउँपालिकाले प्रतिस्पर्धामार्फत जोमसोमका सुरेश थकालीलाई रु २० लाखमा एक वर्षका लागि बसपार्क सञ्चालन र व्यवस्थापन गर्न ठेक्का सम्झौता गरेको उनले जानकारी दिए । सिसिटिभी क्यामेरा जडान गरिएको बसपार्कमा सुरक्षाको व्यवस्था तथा टिकट काउन्टरको सहज पहुँचको व्यवस्था गरिएको उनले बताए ।

जोमसोमको प्रवेशद्वारस्थित एक्लेभट्टीमा घरपझोङ गाउँपालिकाले रु ४८ लाख खर्च गरेर निर्माण गरेको बसपार्कमा करिब एक सय बस, जिप, ट्याक्सी अटाउन सक्ने क्षमता छ ।

सहरी विकास तथा भवन आयोजना बागलुङले रु दुई करोड ५० लाखको लागतमा जोमसोमबाट ठिनी र कागबेनीतर्फ जाने सडकको चोकमा निर्माण गरेको बसपार्कमा एक सय ५० सवारीसाधन पार्किङ गर्न सकिन्छ ।

विसं २०७३ मा निर्माण सुरु भएको यो बसपार्क विसं २०७९ मा सम्पन्न भई गत वर्ष गाउँपालिकालाई हस्तान्तरण गरिएको थियो । रु ३० लाख लगानी गरेर बसपार्कमा थप पूर्वाधार विस्तार र मर्मत गरी सञ्चालनमा ल्याइएको घरपझोङका प्रमुख प्रशासकीय अधिकृत बेदहरि अधिकारीले बताए । बसपार्क प्रयोग गरेबापत ट्रक, बस, ट्याक्टर, लोडर र डोजरलाई प्रतिघण्टा रु २५, हलुका सवारीसाधनलाई रु १५ र मोटरसाइकललाई रु १० का दरले पार्किङ शुल्क तोकिएको छ ।

# विश्व पर्यटन दिवसमा ठमेलमा 'ठमेल नखः' महोत्सव हुने

**काठमाडौं (पस)–** विश्व पर्यटन दिवसका अवसरमा पर्यटकीय क्षेत्र ठमेलमा 'ठमेल नखः' महोत्सव हुने भएको छ । ठमेलको पर्यटनलाई चलायमान बनाउने उद्देश्यले यही असोज ११ गते (सेप्टेम्बर २७ तारिखका दिन) महोत्सव आयोजना गर्न लागिएको बिहीबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

ठमेल पर्यटन विकास परिषद् र दि काठमाडौं पोष्टको सहकार्यमा आयोजना हुने महोत्सवमा संस्कृति, सङ्गीत, कला र खानाको संयोजन रहने महोत्सवका संयोजक राजीव पाण्डेले बताए । उत्सवको जीवन्त वातावरणमा स्थानीय र यात्रुहरूलाई एकसाथ ल्याउन कार्यक्रम तय गरिएको आयोजकले जनाएको छ ।

विगतमा कर्मचारी सञ्चय कोष अगाडि मात्रै आयोजना गरिने कार्यक्रमलाई यो वर्ष व्यापक बनाई ठमलेका विभिन्न सात क्षेत्रमा केन्द्रित रहनेछ । जसअनुसार कर्मचारी सञ्चयकोष परिसरमा सांस्कृतिक उत्सव, नरसिंह चोकमा कान्तिपुरकला, पर्यटन मार्गमा चङ्गाहरूले भरिएको आकाश, सात घुम्तीमा स्वादिष्ट यात्राका साथै मय थाई खेलाडीले मार्सल आर्ट प्रस्तुत गर्नेछन् । त्यस अवसरमा साङ्गीतिक दबूः, टयाटु उत्सवलगायत कार्यक्रम गरिने परिषद्ले जनाएको छ ।

ठमेललाई पर्यटनको जीवन्त केन्द्रका रूपमा प्रवर्द्धन गर्ने उद्देश्यले विगतभन्दा पृथक ढङ्गले पर्यटन दिवसलाई महोत्सवका रूपमा मनाउन लागिएको परिषद्का अध्यक्ष ध्रुव अधिकारीले बताए । उनले महोत्सवले ठमेलको प्रमुख पर्यटकीय गन्तव्यको हैसियत बढाउने र साझा प्रतिबद्धता झल्काउने विश्वास व्यक्त गरे ।

रेष्टुरेन्ट तथा बार एशोसिएसन (रेबान) का अध्यक्ष सङ्घर्ष विष्टले महोत्सवका माध्यमबाट ठमेलको जीवन्त संस्कृति, पाककलाको प्रस्तुतिले पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गरे ।

महोत्सव बिहान १० बजेदेखि राति १० बजेसम्म चल्नेछ । महोत्सवका लागि करिब रु १८ लाख खर्च लाग्ने तथा १० हजार बढीले महोत्सवको अवलोकन गर्ने आयोजकले लक्ष्य लिएको छ । पर्यटकीय याम सुरु भएका सन्दर्भमा महोत्सवलगायत गतिविधिले मुलुकको पर्यटन बढोत्तरीमा टेवा पुग्ने जनाइएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागि::arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ